मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १५८ ● २०८३ साल वैशाख १४ गते सोमबार ● Monday 27, April 2026 ● सूर्योदय: बिहान ०५:३० बजे ● सूर्यास्त: साँझ ०६:३६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## कुटपिट गर्दै दलित महिलामाथि बलात्कारको प्रयास

**महोत्तरी।**
गौशाला नगरपालिका–८, भरलेहनीस्थित मुसहर बस्तीमा शनिबार राति १२ बजे भएको घटनाले स्थानीय बस्तीमा त्रास र आक्रोश फैलाएको छ। स्थानीय बरेन्द्र सदाको घरमा दुई जना अपरिचित व्यक्ति जबरजस्ती प्रवेश गरी अन्दाजी २५ वर्षीय महिलामाथि कुटपिट गर्दै जबरजस्ती करणीको प्रयास गरेको प्रारम्भिक प्रहरी अनुसन्धानबाट खुलेको छ ।घटनाक्रममा पीडितका तीन जना साना छोरीहरूलाई समेत कुटपिट गरिएको बताइएको छ । पीडितका श्रीमान् वैदेशिक रोजगारीका सिलसिलामा भारतमा रहेको जनाइएको छ। पीडित जानकी सदाले घटनापछि न्यायको माग गर्दै आफू सुतिरहेको अवस्थामा घरभित्र प्रवेश गरी कुटपिट गर्दै जबरजस्ती गरिएको बताएकी छन्।

साथै आफ्ना साना छोरीलाई समेत आक्रमण गरिएको उनको भनाइ छ । घटनापछि इलाका प्रहरी कार्यालय गौशालाले घटनामा संलग्न हुनसक्ने आशङ्कामा दुई जनालाई नियन्त्रणमा लिएर उनीहरूमाथि थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी प्रवक्ता शैलेन्द्र भट्टले जानकारी दिए। घाइते जानकी सदाको उपचार प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको प्रहरीले जनाएको छ।

# धनुषामा बालुवा–गिट्टीको अवैध उत्खनन तीव्र, प्रशासन मुकदर्शक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा पछिल्लो समय बालुवा–गिट्टीको अवैध उत्खनन तीव्र रूपमा बढ्दै गएको छ । आर्थिक वर्षको अन्त्यतिर विकास निर्माणका कामले गति लिँदा निर्माण सामग्रीको माग बढेसँगै नदीहरूमा अनियन्त्रित दोहन बढेको स्थानीयवासीको भनाइ छ।

स्थानीयका अनुसार प्रहरी प्रशासनकै मिलेमतोमा अवैध उत्खनन भइरहेको छ । विशेषगरी औरही नदी क्षेत्रमा मापदण्डविपरीत करिब तीन किलोमिटर तलसम्म उत्खनन गरिएको दृश्य पूर्व–पश्चिम राजमार्गअन्तर्गत पर्ने औरही पुलबाट प्रस्ट देख्न सकिन्छ।

चार लेन औरही पुल निर्माणमा संलग्न एक कामदारका अनुसार दिनहुँ ट्र्याक्टर, टिपर र बकेट प्रयोग गरी उत्खनन भइरहेको छ भने रातिको समयमा डोजर प्रयोग गरी उत्खनन झन् तीव्र हुने गरेको छ।

मिथिला नगरपालिकाले औरहीसहित बसही, जलाद, जगधर, वडहरी र रातु नदीबाट खानीजन्य पदार्थ उत्खननका लागि चालु आर्थिक वर्ष २०८२–८३ मा नेरिसा कन्ट्रक्सन कम्पनीलाई भ्याटसहित ३ करोड ५ लाख ६२ हजार २ सय ७३ रुपैयाँ ८० पैसामा ठेक्का दिएको छ।

२०८२ फागुन १४ गते भएको सम्झौताअनुसार जेठ मसान्तसम्म ती ६ नदीबाट १ लाख २१ हजार ८३० घनमिटर ग्राभेल, ढुंगा र बालुवा उत्खनन गर्न अनुमति दिइएको छ । सम्झौतामा सूर्योदयदेखि सूर्यास्तसम्म मात्र उत्खनन गर्न पाइनेसहित ३३ बुँदे सर्त राखिएको छ । तर, स्थानीयवासीका अनुसार निर्धारित परिमाणभन्दा धेरै उत्खनन भइसकेको छ।

ठेकेदार पक्षका प्रतिनिधि नवराज पहाडीले भने औरही नदीमा आफूहरूले उत्खनन सुरु नगरेको दाबी गरे । उनले भने, 'हामीले होइन, पहिलेदेखि नै त्यहाँ उत्खनन भइरहेको हो । हामी अब सुरु गर्ने तयारीमा छौँ।'

नदी किनारमा रहेका क्रसर तथा बालुवा प्रशोधन उद्योगहरू निर्वाध रूपमा सञ्चालन भइरहेका छन् । मापदण्डविपरीत उत्खनन भइरहँदा पनि सम्बन्धित निकाय मौन देखिएका छन्।

इलाका प्रहरी कार्यालय र नगरपालिका कार्यालय नदीबाट क्रमशः दुई र तीन किलोमिटर दूरीमा भए पनि नियन्त्रणका लागि प्रभावकारी पहल नदेखिएको स्थानीयको गुनासो छ । प्रहरी र नगरपालिकाबीच समन्वयको अभाव स्पष्ट देखिएको छ।

मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले उत्खनन नियन्त्रणमा प्रहरी प्रशासनबाट अपेक्षित सहयोग नपाएको गुनासो गरे। उनले भने, 'स्वीकृति नपाएका सवारीसाधनबाट समेत उत्खनन भइरहेको छ । प्रहरीले नियन्त्रणमा चासो दिएको छैन।'

यता, इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले भने नगरपालिकाबाट आवश्यक विवरण नपाउँदा नियन्त्रण गर्न समस्या भएको बताएका छन् । उनले भने, 'कहाँ, कति र कसरी उत्खनन गर्ने भन्ने स्पष्ट विवरण नपाउँदा कारबाही गर्न कठिन भइरहेको छ।'

स्थानीय युवाहरूले निरन्तर विरोध जनाए पनि प्रभावकारी कदम नचालिएको उनीहरूको गुनासो छ । उत्खननविरुद्ध उभिँदा औरही नदीमा २५ पुस २०७६ मा मिथिला नगरपालिका–५, श्रीपुरका २४ वर्षीय ओमप्रकाश 'दिलीप' महतोको हत्या भएको घटना अझै स्मरणीय छ । दिलीपका साथी सुनिलकुमार सिंहले भने, 'हामीले पटक–पटक आवाज उठाएका छौँ, तर समस्या समाधान भएको छैन। तीनै तहका सरकार मौन छन्।'

मिथिला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवले अनुगमन समितिले स्थलगत निरीक्षण गरिसकेको र प्रतिवेदन आएपछि आवश्यक प्रक्रिया अघि बढाइने बताएका छन्।

उनले ठेकेदारलाई सम्झौताविपरीत उत्खनन नगर्न सचेत गराइसकेको जानकारी दिए।

जिल्ला समन्वय समिति धनुषाका सभापति तथा अवैध बालुवा–गिट्टी नियन्त्रण समिति धनुषाका संयोजक राजनन्द मण्डलले अवैध उत्खनन भइरहेको स्वीकार गर्दै रातिको गतिविधि नियन्त्रण गर्न चुनौती रहेको बताए। उनले भने, 'अनुगमन हुन्छ, कारबाही पनि गरेका छौँ, तर राति हुने उत्खनन रोक्न कठिन छ।'

सम्झौताअनुसार पुल, सडक तथा सार्वजनिक संरचनाबाट निश्चित दूरी कायम गरेर मात्र उत्खनन गर्नुपर्ने भए पनि औरही पुल आसपासमै उत्खनन भइरहेको छ। यसले नदीको प्राकृतिक बहाव परिवर्तन हुने तथा दीर्घकालीन वातावरणीय क्षति हुने जोखिम बढाएको छ।

सम्झौता उल्लंघन भए ठेक्का रद्द गर्नेसम्मको प्रावधान भए पनि हालसम्म प्रभावकारी कार्यान्वयन हुन नसकेको स्थानीयवासीको भनाइ छ।

# सरकारले कसरी फिर्ता गर्दैछ सहकारीको रकम ?

**मधेशदृष्टि**
**वीरगंज।**
सरकार बनेको एक महिना भएको छ । सरकार बनेलगत्तै गरेको प्रतिवद्धताअनुसार सहकारीपीडितको रकम फिर्ता गर्ने विषयमा कार्यविधि तयार गरी कार्यान्वयन सुरु भएको छ। सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले पदभार सम्हालेदेखि नै सहकारीको बचत फिर्ता गर्ने विषय अघि बढेको हो।



पार्टी सभापति रवि लामिछानेले सहकारीकै विषयमा मुद्दा खेप्नु परेकाले पनि सरकारलाई सहकारी समस्या समाधान प्राथमिकताको विषय बनेको हो । बालेन्द्र शाह नेतृत्वको सरकारले एक सय कार्यसूचीको बुँदा ९९ मा सहकारी पीडितको रकम १०० दिनभित्र फिर्ता गर्न थाल्ने भनिएको छ । सरकार गठनको एक महिनाभित्रै कार्यविधि बनेर सहकारी पीडितको बचत फिर्ता प्रक्रिया सुरु हुन लागेको हो । कार्यविधि मन्त्रिपरिषदबाट पारित भएर वैशाख १० गतेबाट कार्यान्वयनमा आइसकेको छ । कार्यविधिअनुसार सरकारले समस्याग्रस्त सहकारी संस्थाका सदस्यलाई बचत फिर्ताका लागि एउटा चक्रीय कोष खडा गर्ने छ। यो कोषमा सरकारले पनि केही रकम राख्ने छ र यसको परिचालन समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गर्ने कार्यविधिमा उल्लेख छ।

कोषमा समस्याग्रस्त संस्थासँग भएको सम्पत्ति तथा जिम्मेवार पदाधिकारीको सम्पत्ति लिलामबाट असुल भएको रकम, सम्बन्धित सहकारी संस्थाबाट सोधभर्ना फिर्ता रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने छ। यो रकमले पर्याप्त नभएमा संस्थाका जिम्मेवार व्यक्तिले अंशबण्डा गरिसकेको सम्पत्ति पनि रोक्का र लिलामबिक्री गर्न सकिने व्यवस्था गरिएको छ । समितिले सबैभन्दा पहिले बचतकर्ताले पाउनुपर्ने रकमको विवरण तयार गर्ने छ भने त्यसपछि बचतफिर्ता र सोधभर्ना प्रक्रिया सुरु हुने छ।

बचत फिर्ताका लागि १२ वटा मापदण्ड बनाइएको छ । कोषमा जम्मा भएको रकम सम्बन्धित संस्थाबाट सोधभर्ना लिने गरी समितिले बचतकर्ताको बैंक खातामार्फत रकम फिर्ता गर्न सक्ने छ।

बचत फिर्ता गर्दा सहकारी संस्था समस्याग्रस्त घोषणा भएको मितिको अघिल्लो दिनसम्मको सहकारीबाट प्राप्त विवरण, अभिलेख वा कम्प्युटर प्रणालीमा देखिएको मौज्दातलाई आधार मानिने छ । सम्बन्धित सहकारीबाट ऋण लिएका बचतकर्ताले ऋण चुक्ता नगरेसम्म बचत फिर्ता पाउने छैनन् । यस्तै, बचतकर्ताको दायित्व फरफारक नभएसम्म संस्थाका सञ्चालक, व्यवस्थापक, निजहरूको एकाघर परिवारका बचतकर्ता सदस्यहरू र अपचलन वा दुरुपयोगमा संलग्न व्यक्तिको रकम फिर्ता गरिने छैन।

बचत फिर्ताको मागदावीको मुद्दा अदालतमा विचाराधीन रहेको देखिएमा मुद्दाको अन्तिम किनारा नलागेसम्म त्यस्ता बचतकर्ताको बचत रकम फिर्ता नगरिने कार्यविधिमा स्पष्ट उल्लेख छ । समितिले बचत रकम फिर्ता गर्दा साना बचतकर्ताहरूलाई प्राथमिकता दिन सक्ने जनाइएको छ।

समितिले बचतकर्तालाई रकम फिर्ता गर्नुअघि सम्बन्धित समस्याग्रस्त सहकारी संस्थाका सञ्चालक, व्यवस्थापक, लेखा समिति, ऋण उपसमिति र अन्य जिम्मेवार व्यक्ति र निजको एकाघर परिवारका बचतकर्ता सदस्य र अपचलन वा दुरुपयोगमा संलग्न व्यक्तिहरूको सम्पत्ति बैंक खाता रोक्का राख्नुपर्ने कार्यविधिमा उल्लेख छ।

कार्यविधि बमोजिमको कार्य प्रगतिको आम्दानीको स्रोत, र बचत फिर्ताको मासिक विवरण समितिले सहकारी प्राधिकरण र मन्त्रालयसमक्ष पेश गर्नुपर्ने छ।


# आफ्नै विवाहको निम्तो बाँड्न आएको युवकको दुर्घटनामा मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
आफ्नै विवाहको निम्तो बाँड्न नेपाल आएका भारतीय युवकको सवारी दुर्घटनामा ज्यान गएको छ। भारतको बिहार राज्य, सीतामढी जिल्लास्थित बैरगनिया निवासी २० वर्षीय विशाल महतोको शनिबार राति करिब ११ बजे घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । परिवारका अनुसार उनी वैशाख २५ गते हुने आफ्नै विवाहको निम्तो दिन गरुडा नगरपालिका–१ जयनगरस्थित आफन्तको घरतर्फ मोटरसाइकलमा जाँदै थिए। उनी सवार मोटरसाइकल गौर–चपुर सडकखण्डअन्तर्गत निर्माणाधीन कल्भर्टमा खसेर दुर्घटना भएको हो।

घटना गौर नगरपालिका–६ सबगढा नजिकै रहेको निर्माणाधीन सडक खण्डमा भएको जनाइएको छ । स्थानीयले निर्माण कम्पनीको लापरबाहीका कारण दुर्घटना भएको आरोप लगाएका छन्। उनीहरूका अनुसार निर्माणस्थलमा कुनै चेतावनी बोर्ड, संकेत चिन्ह, बत्ती वा सुरक्षा घेरा नराखिँदा जोखिम बढेको थियो।

सडक गौर–चन्द्रनिगाहपुर खण्डको स्तरोन्नति तथा चार लेन विस्तार योजनाअन्तर्गत निर्माणाधीन छ । तर, आवश्यक सुरक्षा मापदण्ड र ट्राफिक व्यवस्थापन प्रभावकारी रूपमा लागू नभएको स्थानीयको गुनासो छ । यता, प्रहरी नाय उपरीक्षक बिष्णु प्रदिप बस्यालले मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको प्रारम्भिक जानकारी दिएका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यस घटनाले निर्माणस्थलमा सुरक्षा मापदण्ड पालनाको आवश्यकता पुनः उजागर गरेको छ।

# जोमसोममा लेँक लागेर भारतीय पर्यटकको मृत्यु



**मुस्ताङ।**
जोमसोममा लेँक लागेर भारतीय पर्यटकको मृत्यु भएको छ । भारतस्थित तमिलनाडु राज्यका ६३ वर्षीय भानु मठ्ठीको आज जोमसोममा लेँक लागेर मृत्यु भएको छ।

भारतबाट भानु मठ्ठीसहित २४ जनाको टोली मुक्तिनाथ दर्शनका लागि जोमसोम आइपुगेको थियो । मुस्ताङको घरपझोङ गाउँपालिका–४ जोमसोमस्थित होटल प्राइड अगाडि गाडीबाट ओर्लिने क्रममा मठ्ठीलाई लेँक लागेर अचानक श्वासप्रश्वासमा समस्या देखिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ईश्वर महतका अनुसार श्वासप्रश्वासमा समस्या देखिएपछि भारतीय पर्यटक मठ्ठीलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जोमसोम पु¥याएको थियो । अस्पताल पु¥याउँदा चिकित्सकले उनलाई मृत घोषणा गरेका उनले जानकारी दिए।

योसँगै मुस्ताङमा चालु आवको भदौदेखि हालसम्म पाँच विदेशी पर्यटकसहित आठ जनाको हाइअल्टिच्युडका कारण लेँक लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । प्रहरीको तथ्याङ्कअनुसार भारतीय पर्यटक चार, मेक्सिकोका एक र तीन जना नेपाली पर्यटकको लेँक लागेर मृत्यु भएको हो।

# ऐन पुनर्लेखनको अवस्था किन आयो ?

***प्रदेशका मुख्य न्यायाधीवक्ता डा. सुनिलरञ्जन सिंहका अनुसार ऐनमा धेरै महत्वपूर्ण विषय समेटिन नसकेको पाइएको छ।***

मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशमा कानून निर्माण प्रक्रिया कमजोर देखिएको छ । पर्याप्त बहस, छलफल र सरोकारवाला निकायसँगको प्रभावकारी संवादबिना विधेयक पारित गरिँदा त्यसको असर कार्यान्वयन चरणमै देखिन थालेको छ ।एक वर्षअघि मात्र प्रदेशसभाबाट पारित गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ अहिले पुनर्लेखन गर्नुपर्ने अवस्थामा पुगेको छ। प्रारम्भमा केही सीमित दफामा मात्र त्रुटि रहेको ठानिए पनि विस्तृत अध्ययनपछि ऐनका संरचनागत कमजोरी र अपूर्णता उजागर भएका छन्।



सरकारले सुरुमा संशोधनमार्फत समस्या समाधान गर्ने तयारी गरेको थियो । तर, अन्तर प्रदेश सरुवा, स्वास्थ्य सेवातर्फका कर्मचारीको बढुवा लगायत विषयमा देखिएका जटिलताले संशोधन पर्याप्त नहुने निष्कर्ष निकालिएको हो । त्यसपछि सरकार पुनर्लेखनको बाटोमा अघि बढेको हो ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रारम्भिक ड्राफ्ट तयार गरी मुख्य न्यायाधिवक्ताको कार्यालयमा पठाए पनि त्यसपछिको कानूनी अध्ययनले ऐनका आधारभूत पक्ष नै कमजोर रहेको देखाएको छ।

प्रदेशका मुख्य न्यायाधीवक्ता डा. सुनिलरञ्जन सिंहका अनुसार ऐनमा धेरै महत्वपूर्ण विषय समेटिन नसकेको पाइएको छ । उनले भने, 'सुरुमा केही दफामा मात्र त्रुटि देखिएको थियो । तर, विस्तृत अध्ययनपछि ऐनमा व्यापक कमजोरी देखियो । केही महत्त्वपूर्ण विषय नै छुटेका छन् । त्यसैले पटक–पटक संशोधन गर्नु भन्दा पुनर्लेखन गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्षमा पुगेका छौँ।'

विशेषगरी सामाजिक परिचालिकासम्बन्धी व्यवस्था स्पष्ट नहुनु, कर्मचारी व्यवस्थापनमा अस्पष्टता रहनु तथा अन्तर प्रदेश सरुवा र बढुवामा विवाद निम्त्याउने प्रावधानहरू ऐनका प्रमुख कमजोरीका रूपमा देखिएका छन्। ऐन कार्यान्वयनमा आएपछि नै समस्या सतहमा देखिन थालेका थिए । अन्तर प्रदेश सरुवा र बढुवाको विषयमा असन्तुष्टि जनाउँदै कर्मचारीहरू आन्दोलनमा समेत उत्रिएका थिए । तत्कालीन सरकारले आश्वासन दिएर आन्दोलन थामे पनि समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेन । स्थानीय तहमा कर्मचारी व्यवस्थापन, पदपूर्ति, सेवा सर्त तथा पदोन्नति प्रक्रियामा अन्योल बढेपछि प्रशासनिक कामकाजसमेत प्रभावित भएको छ । मुख्यमन्त्री कार्यालयका प्रवक्ता रोहित कोइरालाका अनुसार ऐन पुनर्लेखनको मस्यौदा तयार भइसकेको छ। अब उक्त प्रस्ताव मन्त्रिपरिषद् छलफलपछि प्रदेशसभामा पेश गरिने तयारी छ। उनले भने, 'ऐनलाई व्यवहारिक र कार्यान्वयनयोग्य बनाउन पुनर्लेखन आवश्यक देखिएको हो । अब यसलाई व्यवस्थित रूपमा अघि बढाइनेछ।'

# जलेश्वर जलमग्न

**महोत्तरी।**
आँधीहुरीसँगै आएको असिना पानीका कारण महोत्तरीको सदरमुकाम जलेश्वर जलमग्न बनेको छ । पानी निकास हुन नसक्दा जलेश्वरको नगरपालिका चोक, शङ्कर चोक, मीना बजार, महेन्द्र चोक, अस्पताल चोक, खैरा चोक, अस्पताल चोकलगायत स्थान जलमग्न बनेको छ । जलेश्वर नगरभित्रका प्रायःजसो सडक डुबानमा परेपछि सडकमा पैदल हिँडडुल गर्न समस्या भएको छ। सडकमा सवारीसाधन गुडाउन समेत नसकिएको स्थानीयले बताएका छन् । सदरमुकामस्थित सरकारी तथा गैरसरकारी कार्यालय परिसर पानी पसेर जलमग्न बनेको



छ । जलेश्वरमा ढल निकासको व्यवस्था राम्रो नभएका कारण सामान्य वर्षा हुँदा समेत यहाँ बजार क्षेत्र डुबानमा पर्ने गरेको छ।

# १६९ कुकुरको बन्ध्याकरण गरियो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले सामुदायिक कुकुर व्यवस्थापन तथा रेविज नियन्त्रण गर्ने उद्देश्यले निःशुल्क बन्ध्याकरण तथा रेविजविरुद्धको खोप कार्यक्रम सञ्चालन गरेको छ। उपमहानगरपालिकाको पशुपन्छी विकास शाखाको आयोजनामा वैशाख ११ गतेदेखि १३ गतेसम्म सञ्चालन भएको कार्यक्रममा कुल १६९ वटा कुकुरको बन्ध्याकरण गरिएको छ। पशु चिकित्सक अमर साहका अनुसार वैशाख ११ गते ५७, वैशाख १२ गते ७१ र वैशाख १३ गते ४१ वटा कुकुरको बन्ध्याकरण गरिएको हो।

कार्यक्रमअन्तर्गत सामुदायिक कुकुरहरूको बन्ध्याकरणमार्फत संख्या नियन्त्रण गर्नुका साथै रेविज रोगको जोखिम न्यूनीकरण गर्ने लक्ष्य राखिएको छ । यसले समुदायमा जनस्वास्थ्य सुरक्षा अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पु¥याउने विश्वास गरिएको छ।

अव्यवस्थित रूपमा बढ्दै गएको कुकुरको संख्या नियन्त्रण र रेविजजस्तो घातक रोगको रोकथाममा कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको उपमहानगरपालिकाले जनाएको छ। कार्यक्रममा नेपाल एग्री लाइभस्टक ट्रेनिङ एण्ड रिसर्च सेन्टरले प्राविधिक सहयोग प्रदान गरेको थियो । प्राविधिक टोलीले कुकुरहरूको सुरक्षित रूपमा बन्ध्याकरण तथा खोप सेवा उपलब्ध गराएको जनाएको छ।

# मउवा महासंघको कार्यकारिणी सदस्यमा गुप्ता मनोनित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश ले अजय कुमार गुप्तालाई कार्यकारिणी सदस्य पदमा मनोनयन गरेको छ । महासंघको आइतबार बसेको कार्यसमिति बैठकले गुप्तालाई उक्त पदमा मनोनयन गर्ने निर्णय गरेको हो। गुप्ता यसअघि जनकपुरधाम उद्योग वाणिज्य संघ का पूर्व कार्यकारिणी सदस्य रहिसकेका छन्। महासंघका अध्यक्ष विजय कुमार साह द्वारा जारी पत्रमा गुप्तालाई औद्योगिक तथा व्यावसायिक क्षेत्रको समग्र विकास, नीति निर्माणमा सहजीकरण तथा संस्थागत सुदृढीकरणमा योगदान पु¥याउने अपेक्षासहित जिम्मेवारी दिइएको उल्लेख गरिएको छ । पत्रमा गुप्ताको अनुभव, नेतृत्व क्षमता तथा प्रतिबद्धताले महासंघका उद्देश्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ । महासंघले गुप्ता कार्यकारिणी समितिका गतिविधिमा सक्रिय सहभागिता जनाउँदै प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरेको जनाएको छ।

# पूर्वीनाका काँकडभिट्टाबाट सात हजार ६४२ पर्यटक भित्रिए



**झापा ।**
पूर्वीनाका काँकडभिट्टाबाट विभिन्न देशका सात हजार ६४२ पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२÷८३ को नौ महिनामा उक्त सङ्ख्यामा पर्यटक नेपाल आएका हुन् ।

साउनदेखि चैतसम्म ८१ मुलुकका पर्यटकले यो नाका हुँदै नेपाल आएका कार्यालयका प्रमुख तुलसी भट्टराईले जानकारी दिए । नेपाल प्रवेश गरेका पर्यटकमध्ये सबैभन्दा बढी भुटानी नागरिक रहेका छन् । उक्त अवधिमा चार हजार १५४ जना भुटानी पर्यटक नेपाल आएका छन् ।

भुटानपछि अमेरिका, थाइल्यान्ड, अस्ट्रेलिया र संयुक्त अधिराज्य (बेलायत)का पर्यटक धेरै सङ्ख्यामा नेपाल आएका कार्यालयको अभिलेखमा उल्लेख छ । अमेरिकाबाट एक हजार ६१२, थाइल्यान्डबाट ५२५, अस्ट्रेलियाबाट २२९ र बेलायतबाट १८२ जना नागरिक नेपाल घुम्न आएका कार्यालयका प्रमुख भट्टराईले बताए । नेपाल आउने पर्यटकले लुम्बिनी, पोखरा, काठमाडौँ, चितवन, गोर्खालगायत प्रमुख पर्यटकीयस्थल जाने बताउने गरेको उनले जानकारी दिए ।

आउने मात्र नभएर पर्यटकले नेपालबाट अर्को मुलुक प्रस्थान गर्नका लागिसमेत यो नाका प्रयोग गर्दै आएका छन् । सोही अवधिमा काँकडभिट्टा नाका भएर नौ हजार ९४२ पर्यटक यहाँबाट बाहिरिएको तथ्याङ्क छ । आव २०८१÷८२ को साउनदेखि चैतसम्ममा भने यहाँबाट आठ हजार ७० जना पर्यटक भित्रिएका थिए । चालु आवको सोही अवधिमा आगमन भएका पर्यटकको संख्यामा ४२८ ले कमी आएको छ ।

चालु आवको चैत महिनामा यो नाका भएर एक हजार छ जना पर्यटक नेपाल प्रवेश गरेको र एक हजार ५४३ जना प्रस्थान गरेको कार्यालयले जनाएको छ । यस अवधिमा छ हजार ६९१ वटा पर्यटक भिसा, एक सय २४ वटा नातेदार भिसा, २६ वटा वैवाहिक भिसा र ३६ वटा गैरआवासीय भिसा जारी गरिएका छन् । भिसा जारी गरेवापत रु दुई करोड ८० हजार ५२० राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । रासस

# चितवनका ३० हजार पशुचौपायलाई लम्पीस्किनविरुद्धको खोप

**चितवन।**
जिल्लाका ३० हजार पशुचौपायलाई लम्पीस्किनविरुद्धको खोप लगाइने भएको छ । यहाँका पशुमा लम्पीस्किनको समस्या आउन सक्ने भएकाले खोप लगाउन लागिएको हो।

पशु सेवा कार्यालय चितवनका प्रमुख डा प्रभात न्यौपानेका अनुसार खोप कार्यालयमा ल्याएर पालिकालाई वितरणको काम सुरु गरिएको छ । जिल्लाका सातै पालिकालाई खोप वितरण गरी लगाइने बताउँदै गर्मीयाममा लामखुट्टे, झिँगालगायतको टोकाइबाट हुनसक्ने सङ्क्रमणका कारण पनि यो रोगको जोखिम देखिने गरेकाले रोकथानका खोप लगाउन लागिएको न्यौपानेले जानकारी दिए।

उनका अनुसार गाईभैँसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओठ, मुख र नाक भित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, र्‍याल काढ्ने, लिम्फनोडहरू सुक्नेजस्ता लक्षण देखा पर्दछन्।

यो रोग विशेषगरी सङ्क्रमित लामखुट्टे, झिँगालगायतको टोकाइबाट लाग्ने गर्दछ।

सङ्क्रमित गाईबस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ । यो रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैँसी खरिद गर्ने, गोठलाई झिँगा, लामखुट्टे तथा अन्य कीराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकताअनुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने उनले बताए। रासस

# २५ वर्ष कैद तोकिएका फरार प्रतिवादी पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले ठगी मुद्दामा अदालतबाट २५ वर्ष कैद सजाय तोकिएका फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिका–१४ स्थित रामगढवा क्षेत्रबाट उनलाई पक्राउ गरेको हो । प्रहरी स्रोतका अनुसार वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको टोलीले सम्बन्धित व्यक्तिलाई नियन्त्रणमा लिएको हो। पक्राउ परेका व्यक्ति लामो समयदेखि फरार रहेका थिए र उनलाई अदालतले ठगी सम्बन्धी मुद्दामा २५ वर्ष कैद सजाय तोकेको थियो । प्रहरीले पक्राउ परेका व्यक्तिलाई प्रारम्भिक अनुसन्धानपछि आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाएको जनाएको छ । उनी श्भल–श् अटोमोबाइल्स कम्पनीमा कार्यरत रहेको पनि खुलेको छ । पक्राउ परेका व्यक्ति भारतको बिहार राज्यअन्तर्गत बेगुसराय जिल्लाका बासिन्दा भएको प्रारम्भिक विवरणमा उल्लेख छ। जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार फरार अभियुक्तहरूको खोजी अभियानलाई थप तीव्र बनाइएको छ र कानुनबाट उम्किने प्रयास गर्ने जोसुकैलाई पनि पक्राउ गरी कारबाही अघि बढाइने छ।

# ई–प्रोक्युरेमेन्ट प्रणाली ह्याक प्रकरणमा थप २ पक्राउ

## अनुसन्धान झन् विस्तारित

**मधेशदृष्टि**
**वीरगंज।**
सार्वजनिक खरिद अनुगमन कार्यालयको 'इ–गभर्नमेन्ट प्रोक्युरिमेन्ट' प्रणालीमा अनधिकृत पहुँच पु¥याई ठेक्का प्रक्रियामा हेरफेर गरेको आरोपमा थप दुई जना पक्राउ परेका छन् । यससँगै सो प्रकरणमा पक्राउ पर्नेको संख्या नौ पुगेको छ।





केन्द्रीय अनुसन्धान ब्युरो (सि.आई.बी.) का अनुसार पक्राउ पर्नेमा कल्पवृक्ष विल्डर्स प्रालिका सञ्चालक प्रकाश ढुङ्गाना र इन्कोन प्रालिका शेयरधनी तथा लेखापाल स्वदेश पोखरेल रहेका छन् । ढुङ्गानालाई काठमाडौँ महानगरपालिका–१६ बालाजु र पोखरेललाई महानगरपालिका–३२ पेप्सीकोलाबाट नियन्त्रणमा लिइएको हो।

प्रारम्भिक अनुसन्धानमा सरकारी ठेक्काहरूको आर्थिक प्रस्ताव खोलिनु अघि नै प्रणालीमा अनधिकृत प्रवेश गरी कागजात तथा आर्थिक विवरण परिवर्तन गरिएको खुलेको ब्युरोले जनाएको छ।

सोही आधारमा उनीहरूविरुद्ध साइबर ब्युरोमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत मुद्दा दर्ता गरिएको छ।

ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठका अनुसार पक्राउ परेकामाथि सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गत पनि थप अनुसन्धान अघि बढाइएको छ।

यसअघि सोही प्रकरणमा कालिका कन्स्ट्रक्सनका सञ्चालक तथा राप्रपा नेता विक्रम पाण्डे र भीषण कन्स्ट्रक्सनका टङ्ककुमार श्रेष्ठलाई शुक्रबार पक्राउ गरिएको थियो । हालसम्म यस घटनामा संलग्नताको आशंकामा नौ जनामाथि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# घोडाघोडीमा 'बेसरम' विस्तारः सङ्कटतर्फ धकेलिँदै ताल

**कैलाली।**
विश्व रामसार सूचीमा सूचीकृत कैलालीको घोडाघोडी तालमा मिचाहा प्रजाति 'बेसरम' झार विस्तार भएपछि तालको अस्तित्व कारण सङ्कटतर्फ धकेलिँदै गएको छ । नेपालको पहिलो चरा अभय आरण्य (बर्ड सेन्चुरी) का रूपमा अन्तरराष्ट्रिय पहिचान बनाएको महत्त्वपूर्ण सिमसार क्षेत्रको उत्तर र पूर्वी भूभाग विशेष गरी बेसरमले ढाकिँदै गएको छ । यसले तालको प्राकृतिक स्वरूपका साथै सिमसारमा निर्भर जैविक विविधता, जलचर तथा चराचुरुङ्गीको बासस्थानमा समेत असर परेको छ।

डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ वन अधिकृत दीपेन्द्र केसीले हाल घोडाघोडी ताल क्षेत्रको करिब पाँच हेक्टर क्षेत्रफल बेसरमले ढाकेको जानकारी दिए । उनका अनुसार यो झार तीव्रगतिमा फैलिने प्रकृतिको भएकाले समयमै नियन्त्रण नगरे अझ ठूलो क्षेत्र प्रभावित हुनसक्ने जोखिम छ।

सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रमअन्तर्गत आवश्यक बजेट विनियोजन गरी बेसरम हटाउने कार्य गरिएको वरिष्ठ वन अधिकृत केसीले उल्लेख गरे।

उनका अनुसार चालु आर्थिक वर्षमा मन्त्रालयले विनियोजन गरेको करिब रु एक लाख बजेटमार्फत बेसरम नियन्त्रण तथा हटाउने लक्ष्य राखिएको छ। ताल क्षेत्रभित्र विशेष गरी करिब दुई हेक्टर क्षेत्र अत्यन्त बाक्लो रूपमा बेसरमले ढाकेको छ।

सीमित स्रोत र बजेटका कारण यस वर्ष करिब आधा हेक्टर क्षेत्रबाट मात्रै बेसरम हटाउने योजना बनाइएको वरिष्ठ वन अधिकृत केसीले बताए।

'अहिले समग्रमा करिब पाँच हेक्टर क्षेत्र बेसरमले ढाकिएको छ', उनले भने, 'उपलब्ध बजेट र जनशक्तिअनुसार यस पटक आधा हेक्टर क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य लिएका छौँ, तर दीर्घकालीन रूपमा पूर्ण नियन्त्रणका लागि थप लगानी र निरन्तर प्रयास आवश्यक छ।'

आर्थिक वर्ष २०८०/८१ मा रु तीन लाख बजेट विनियोजन करिब दुई दशमलव पाँच हेक्टर क्षेत्र सफा गरिएको थियो भने गत आर्थिक वर्षमा रु पाँच लाख विनियोजन भएकामा तीन हेक्टर क्षेत्रबाट बेसरम हटाइएको थियो । हरेक वर्ष झार फैलिने क्रम जारी रहेकाले समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन।

घोडाघोडी क्षेत्र संरक्षण तथा जनजागरण मञ्चका व्यवस्थापक दिल धामीका अनुसार बेसरमको विस्तार निरन्तर बढ्दै गएको छ । उनले डिभिजन वन कार्यालयसँग सहकार्य गरी सफाइ अभियान सञ्चाल गरिए पनि यस वर्षको बजेट पर्याप्त नभएको बताए।

यसअघि विगतका वर्षमा सिमसार संरक्षण तथा सदुपयोग आयोजना र चरा संरक्षण नेटवर्क कैलालीले पनि बेसरम नियन्त्रणका लागि अभियान सञ्चालन गरेका थिए । तर, पर्याप्त बजेट अभावका कारण ती कार्यक्रम नियमित रूपमा अघि बढ्न नसकेको चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरीले बताए । उनका अनुसार समयमै बेसरम नियन्त्रण नगरिएमा घोडाघोडी ताल क्षेत्र विस्तारै घाँसेमैदानमा परिणत हुने जोखिम बढ्दै जान्छ, जसले सिमसारको जैविक विविधतामा गम्भीर असर पार्न सक्छ।

बेसरम जस्ता मिचाहा प्रजातिले सिमसार क्षेत्रको पानीको सतह ढाक्ने, स्थानीय वनस्पति र जलचर प्रजातिहरूलाई विस्थापित गर्ने तथा चरा वासस्थानमा प्रतिकूल प्रभाव पार्ने डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्यले बताए। यसका लागी दीर्घकालीन योजना, पर्याप्त बजेट र सरोकार भएका निकायबीच समन्वय अपरिहार्य रहेको उनले उल्लेख गरे। रासस

# महिला चेम्बर र हस्तकला महासङ्घबीच सहकार्यसम्बन्धी सम्झौता

**काठमाडौँ।**
नेपाल महिला चेम्बर र नेपाल हस्तकला महासङ्घबीच हस्तकला प्रवद्र्धन, महिला उद्यमशीलता सशक्तीकरण तथा सांस्कृतिक सम्पदा संरक्षणका लागि सहकार्य गर्ने उद्देश्यले समौता गरिएको छ।

सम्झौताअनुसार दुवै संस्थाले नेपाली कला, संस्कृति, हस्तकला तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, प्रवद्र्धन र अन्तरराष्ट्रियकरणमा संयुक्त रूपमा काम गर्ने प्रतिबद्धता जनाएका छन्।

विशेष गरी महिला उद्यमीलाई सशक्त बनाउने, उनीहरूका उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पु¥याउने र नयाँ पुस्ताका हस्तकलाकर्मीलाई दक्ष बनाउने कार्यक्रम सञ्चालन गरिने सम्झौतापत्रमा उल्लेख छ।

दुवै पक्षबीच प्रदर्शनी, व्यापार मेला, बि–टु–बी कार्यक्रम, सांस्कृतिक आदानप्रदान तथा तालिममार्फत बजार विस्तार गर्ने सहमति भएको छ । साथै उच्चस्तरीय प्रदर्शनी, प्रवद्र्धन परियोजना र तालिमसम्बन्धी सूचनाहरू आदानप्रदान गर्दै सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठ र महासङ्घका अध्यक्ष रवीन्द्र शाक्यले आज सम्झौतामा





हस्ताक्षर गर्नुभयो । सम्झौतामा दीर्घकालीन साझेदारी विकास गर्दै नेपाल तथा विदेशमा नियमित प्रदर्शनी र 'रोड–सो' आयोजना गरी प्रत्यक्ष बजार पहुँच विस्तार गर्ने लक्ष्य पनि राखिएको छ। सो अवसरमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाल हस्तकलाको क्षेत्रमा विश्वमै अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै नेपालको हस्तकला व्यवसाय व्यापारसँगै सिर्जनात्मक शिल्प तथा कला कौशलतासँग पनि जोडिएको बताए।

महिला चेम्बरकी अध्यक्ष श्रेष्ठले यस सहकार्यले नेपाली हस्तकला क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा स्थापित गर्न तथा महिला उद्यमीहरूको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको बताए । महासङ्घका अध्यक्ष शाक्यले नेपाल महिला चेम्बरसँगको सम्झौताले हस्तकला उद्योगको प्रवद्र्धन र महिला उद्यमशीलता विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे। रासस

# विशेष आर्थिक क्षेत्रको अतिक्रमित जग्गा खाली गराउन दबाब

**मधेशदृष्टि**
**सिमरा।**
बारास्थित सिमरा विशेष आर्थिक क्षेत्र भित्र अतिक्रमणमा परेको करिब पाँच सय बिघा सरकारी जमिन फिर्ता लिन संघीय सरकारले दबाब बढाएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको विशेष आर्थिक क्षेत्र प्राधिकरणले जीतपुरसिमरा उपमहानगरपालिका लाई औपचारिक पत्राचार गर्दै अतिक्रमण हटाउन तत्काल पहल गर्न निर्देशन दिएको हो।




प्राधिकरणका अनुसार वडा नं. ४, १४ र १५ का विभिन्न स्थानमा अनुमति बिना घर–टहरा निर्माण, बसोबास र खेतीपाती गर्दै सरकारी जमिन प्रयोग भइरहेको छ । बारम्बारको आग्रहपछि पनि अतिक्रमण हटाउने काम अघि नबढेपछि अब कडा कदम चाल्नुपर्ने निष्कर्षमा सरकार पुगेको जनाएको छ।

स्थानीय तहलाई पठाइएको पत्रमा अवैध संरचना हटाउन, बाली तत्काल उठाउन तथा आगामी दिनमा नयाँ खेती नगर्न सूचना प्रवाह गर्न भनिएको छ । साथै सरकारी जमिन संरक्षणमा प्रभावकारी समन्वय गर्न पनि आग्रह गरिएको छ। सेज क्षेत्र पाँच वटा ब्लकमा विभाजित रहेकोमा 'ए' ब्लकको केही भाग बाहेक अधिकांश जमिन अतिक्रमणमा परेको प्राधिकरणको भनाइ छ।

यसले औद्योगिक पूर्वाधार विकास र नयाँ उद्योग स्थापना प्रक्रियामा अवरोध सिर्जना गरिरहेको छ । हालै सरकारले सेज क्षेत्रको भाडादर प्रतिवर्गमिटर २० रुपैयाँबाट घटाएर ५ रुपैयाँ कायम गरेपछि उद्योगीहरूको आकर्षण बढेको छ । तर आवश्यक जमिन उपलब्ध हुन नसक्दा उद्योग विस्तार अपेक्षित रूपमा अघि बढ्न सकेको छैन।

यता, पूर्व वीरगंज चिनी मिलसँग सम्बन्धित करिब ९३ मजदुर परिवार लामो समयदेखि सोही क्षेत्रमा बसोबास गर्दै आएका छन्। उनीहरूको व्यवस्थापन र पुनस्र्थापनाको विषय अझै टुंगो लाग्न बाँकी छ। सरकारले सेजलाई औद्योगिक विकासको प्रमुख केन्द्रका रूपमा अघि बढाउने रणनीति लिएकोले अब अतिक्रमण हटाउने अभियान थप सशक्त बन्ने संकेत देखिएको छ।

# सीमामा सेटिङको आशंका गहिरिँदै सर्लाहीमा तस्करी नियन्त्रण चुनौतीपूर्ण



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको नेपाल–भारत सीमा क्षेत्रमा तस्करी नियन्त्रणमा आउनुको सट्टा झन् सक्रिय बन्दै गएको देखिएको छ । विभिन्न नाकाहरूबाट भन्सार छली गरी सामान ओसारपसार भइरहेको तथ्य प्रहरीले गरेको पछिल्ला बरामदले पनि पुष्टि गरेको छ ।

जिल्लाको पर्सा गाउँपालिका–३ नारायणपुर चौक क्षेत्रमा भारतबाट अवैध रूपमा ल्याइएका लाखौँ रुपैयाँ बराबरका कपडासहित चार वटा मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट प्रहरी नायब निरीक्षक सुजन पुडासैनी र प्रहरी चौकी नारायणपुरबाट प्रहरी सहायक निरीक्षक अजित राय यादवको कमान्डमा खटिएको टोलीले उक्त सामान बरामद गरेको हो ।

भारततर्फका बीआर ३० एफ ३०८७, बीआर ३० एच ०५३५, बीआर ३० एच २६२८ र बीआर ३० टी ६९८६ नम्बरका मोटरसाइकलमा लोड गरेर कपडाका ६ बोरा नेपालतर्फ ल्याउँदै गर्दा प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रहरी टोली देखेपछि तस्करीमा संलग्न व्यक्तिहरू मोटरसाइकल र सामान छाडेर फरार भएका थिए । बरामद गरिएका कपडाहरू आवश्यक कारबाहीका लागि मलङ्गवा भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ । फरार व्यक्तिहरूको खोजी भइरहेको जिल्ला प्रहरीका सह–प्रवक्ता इन्स्पेक्टर बिन्देश्वर यादवले जानकारी दिए ।

यसअघि पनि सर्लाहीको पूर्वी नाकाबाट भारततर्फ तस्करी भएर गएको चिनियाँ सामग्रीसहित बोलेरो पिकअप एसएसबीले नियन्त्रणमा लिएको थियो । त्यसपछि नेपालतर्फ पनि लगातार तस्करीका सामान बरामद हुन थालेपछि सीमामा चलिरहेको अवैध कारोबारबारे थप प्रश्न उठ्न थालेको छ ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले समेत पछिल्ला दिनमा चिनियाँ लसुन र बीउजस्ता सामग्रीसहितका गाडी नियन्त्रणमा लिएपछि सीमावर्ती क्षेत्रमा तस्करी सञ्जाल सक्रिय रहेको देखिएको हो ।

यसले नेपाल–भारत सीमामा संगठित रूपमा तस्करी भइरहेको आशंका थप बलियो बनाएको छ । स्थानीय स्रोतका अनुसार नारायणपुर, संग्रामपुर, सखुअवा लगायतका नाकाहरू हुँदै लामो समयदेखि कपडा, मदिरा, कस्मेटिक सामग्रीदेखि कृषि उत्पादनसम्मको अवैध ओसारपसार हुँदै आएको छ । सुरक्षाकर्मीको मिलेमतोमा रातको समयमा सहज रूपमा कारोबार हुने गरेको आरोपसमेत स्थानीयस्तरमा उठ्न थालेको छ । हालका दिनमा भएका लगातारका बरामदले सीमा क्षेत्रमा तस्करीको सञ्जाल अझै सक्रिय रहेको र नियन्त्रणका प्रयासहरू चुनौतीपूर्ण बन्दै गएको स्पष्ट संकेत गरेको देखिएको छ ।

# खुला नाकाबाट सोझै वीरगंज भित्रिन्छ भारतीय तरकारी

**वीरगंज।**
सीमावर्ती भारतीय बजार रक्सौलबाट लुकीछिपी वीरगंजमा क्वारेन्टिन जाँच नगरिएका ताजा तरकारी भित्रिने गरेका छन् । वीरगंजको सीमावर्ती बजार रक्सौलबाट पर्सा र बारा जिल्लासँग जोडिएका खुला सीमानाकाको फाइदा उठाउँदै दैनिक साइकलमार्फत ताजा तरकारी भित्रिने गरेको छ। यहाँ दैनिक 'क्यारिङ' गर्ने साइकल चालकले ताजा तरकारी र फलफूल वीरगंज ल्याउने गर्छन्।

पर्सा र बारासँग सीमा जोडिएको बाराको विश्रामपुर गाउँपालिका, वीरगंज महानगरको नगवा, इनर्वालगायत खुला नाकाको फाइदा उठाउँदै साइकल चालकले दैनिक तरकारी तथा फलफूल भित्र्याउने गरेका छन् । उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य अजित भुजेलले खुला सीमानाकाबाट क्वारेन्टिन जाँचबिनै भित्रिने तरकारी तथा फलफूलले जनस्वास्थ्यमा असर पार्ने भएकाले पनि नियन्त्रणमा लिनुपर्ने बताए।

खुला सीमानाकाको फाइदा उठाउँदै विभिन्न समूहले छपकैया, इनरुवा, विश्रामपुरलगायत स्थानबाट साइकलमार्फत दैनिक ठूलो मात्रामा तरकारी भित्र्याउने गरेका छन्, उनले भने, स्थानीय प्रशासन र सशस्त्र प्रहरीले त्यसमा ध्यान दिन जरुरी छ। वीरगंजमा दैनिक साइकल चालकले बिहान सबेरैदेखि प्रतिसाइकलमा क्वारेन्टिन जाँचबिनै भारतीय तरकारी भित्र्याउने गरेका छन् । स्थानीय प्रशासन तथा सीमाक्षेत्रमा खटिएको सशस्त्र प्रहरीले कारबाही प्रक्रिया अघि बढाउन सकेको छैनन्। प्रमुख जिल्ला अधिकारी भोला दाहालले भन्सार प्रक्रिया पूरा गरेर क्वारेन्टिन जाँचमा योग्य भएका भएका तरकारी तथा फलफूलमात्र भित्र्याउन पाइने बताए। क्वारेन्टिन जाँचबिनै ताजा तरकारी तथा फलफूल ल्याउन पाइँदैन, उनले भने, कोही कसैले ल्याएका रैछन् भने आवश्यक अनुगमन गरेर नियन्त्रणमा लिइनेछ।



सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले पर्साको सीमा क्षेत्रबाट भन्दा पनि बाराको विश्रामपुर गाउँपालिकासँग जोडिएको सीमावर्ती क्षेत्रबाट क्वारेन्टिन जाँचबिनै तरकारी भित्रिएर वीरगंज बजारमा पुग्ने गरेको बताए। रासस

# सालको काठसहित ट्याक्टर नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अवैध रूपमा ओसारपसार हुँदै गरेको सालको काठसहित एक ट्याक्टर नियन्त्रणमा लिइएको छ । वीरगंज महानगरपालिका–३१ मिलन चोक क्षेत्रमा आइतबार बिहान गरिएको संयुक्त गस्तीका क्रममा उक्त ट्याक्टर बरामद गरिएको हो ।

कारबाहीमा सबैया सब–डिभिजन वन कार्यालय र स्थानीय साझेदारी वन उपभोक्ता समूहको टोली संलग्न रहेको जनाइएको छ । प्रहरी तथा वनकर्मीको टोलीले प्रदेश २–०३–००१ त १५७५ नम्बरको ट्याक्टरमा अवैध रूपमा ल्याइँदै गरेको सालको काठ फेला पारेपछि नियन्त्रणमा लिएको हो ।

यससँगै वीरगंज–२९ मुसौलीका कृष्ण प्रसाद साहलाई पनि पक्राउ गरिएको छ । बरामद गरिएको करिब २४ फिट साल काठ र ट्याक्टरको मूल्य करिब १५ लाख रुपैयाँ आँकलन गरिएको छ । आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि सामान र व्यक्तिलाई डिभिजन वन कार्यालय पर्सामा पठाइएको रेन्जर भुपाल रोकायले जानकारी दिए ।

वन कार्यालयले अवैध काठ तस्करी नियन्त्रणका लागि गस्ती तथा निगरानीलाई थप कडा बनाइने जनाएको छ ।

# वीरगंज नाकाबाट ईभी आयात दोब्बर ९ महिनामै झण्डै ३ अर्बको भित्रियो सवारी

**मधेशदृष्टि**
**वीरगंज।**
देशको प्रमुख भन्सार नाका वीरगंज हुँदै चालु आर्थिक वर्षको पहिलो नौ महिनामा विद्युतीय सवारी साधन (ईभी) को आयात उल्लेखनीय रूपमा बढेको देखिएको छ। गत वर्षको सोही अवधिसँग तुलना गर्दा यस वर्ष ईभी आयात झण्डै दोब्बरले वृद्धि भएको हो।



वीरगंज भन्सार कार्यालयका अनुसार साउनदेखि चैतसम्म १ अर्ब ४६ करोड रुपैयाँ मूल्यका ४९३ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन् । यसबाट मात्र ९८ करोड रुपैयाँ राजश्व संकलन भएको छ। जबकि गत आर्थिक वर्षको यही अवधिमा ४८ करोड रुपैयाँ बराबरका १७२ सवारी आयात हुँदा ४१ करोड रुपैयाँ राजश्व उठेको थियो।

दुई पाङ्ग्रे विद्युतीय सवारीतर्फ पनि उल्लेखनीय वृद्धि देखिएको छ । चालु वर्षको चैतसम्म ९६ करोड रुपैयाँ बराबरका ७,३९८ थान मोटरसाइकल तथा स्कुटर आयात भएका छन्, जसबाट ३२ करोड रुपैयाँ राजश्व संकलन भएको छ । गत वर्ष भने ५५ करोड रुपैयाँ बराबरका ४,२२७ थान सवारी आयात हुँदा १४ करोड रुपैयाँ मात्र राजश्व उठेको थियो । त्यसैगरी, तीन पाङ्ग्रे विद्युतीय सवारी (टेम्पो तथा रिक्सा) को आयात पनि निरन्तर बढ्दो क्रममा छ । चालु वर्षको नौ महिनामा ५३ करोड रुपैयाँ बराबरका ४,६०६ थान यस्ता सवारी भित्रिएका छन्, जसबाट १८ करोड रुपैयाँ राजश्व प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ४५ करोड रुपैयाँ बराबरका ३,६१३ थान आयात हुँदा १४ करोड रुपैयाँ राजश्व संकलन भएको थियो।

चालु आर्थिक वर्षको चैतसम्म वीरगंज नाका हुँदै २ अर्ब ९८ करोड रुपैयाँ बराबरका विद्युतीय सवारी आयात भएका छन्, जुन गत वर्षको १ अर्ब ४८ करोड रुपैयाँको तुलनामा उल्लेखनीय वृद्धि हो।

वीरगंज उद्योग वाणिज्य संघका सहसचिव तथा विद्युतीय सवारी विक्रेता अनुप अग्रवालका अनुसार पेट्रोलियम पदार्थको बढ्दो मूल्य र वातावरणमैत्री प्रविधिप्रतिको आकर्षणले ईभीको माग तीव्र गतिमा बढिरहेको छ । उनले चार्जिङ पूर्वाधार विस्तार, सहज पहुँच र स्थिर नीतिगत वातावरण सुनिश्चित गर्न सके आगामी दिनमा विद्युतीय सवारीको प्रयोग अझ व्यापक हुने विश्वास व्यक्त गरे।

# चन्द्रनहरको अतिक्रमित जग्गा खाली गराउन तयारी सुरु



**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको ऐतिहासिक चन्द्रनहर क्षेत्रको अतिक्रमित जग्गा खाली गराउन कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन कार्यालय, राजविराजले तयारी सुरु गरेको जनाएको छ । सप्तकोशी नगरपालिकाको फत्तेपुरस्थित चन्द्रनहरको हेडबाँधमा हालै सरोकारवालाहरूको बैठक बसेर अतिक्रमित जग्गा खाली गराउने तयारीबारे छलफल गरिएको हो। उक्त बैठकले पहिलो चरणमा चन्द्रनहरको डिल क्षेत्रभित्र पर्ने पहिचान भएका १२६ घरटहरा भत्काउने निर्णय गरेको छ।

कार्यालयले गत चैत १६ गते सार्वजनिक सूचना जारी गर्दै सात दिनभित्र जग्गा खाली गर्न आह्वान गरेको थियो । सो अवधिमा अतिक्रमण नहटेपछि सरोकारवालासहितको बैठक बोलाइएको हो । कार्यालयका प्रमुख इन्जिनियर वीरेन्द्रकुमार यादवका अनुसार नहर क्षेत्रमा बसोबास गरिरहेकामध्ये वास्तविक सुकुम्बासीको पहिचान गरी १५ दिनभित्र उपयुक्त जग्गा छनोट गर्ने जिम्मा सप्तकोशी नगरपालिकालाई दिइएको छ।

# मधेश प्रदेशको ८ जिल्लामै एकपटक रक्तदान ७ सय प्रीन्ट रगत संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
रक्तदान जीवनदान नाराको साथ मधेश प्रदेशमा आइतबार एकैदिन आठवटै जिल्लामा रक्तदान कार्यक्रम समपन्न भएको छ । ब्लड फर नेपाल संस्थाको आयोजनामा आठवटै जिल्लाको दश स्थानमा एकैपटक बिहान ७ बजेदेखि शुरु भएको रक्तदान कार्यक्रम सम्पन्न गरिएको हो ।



आयोजकले यसलाई मधेश महारक्तदान कार्यक्रम नाम दिएको थियो । आयोजकका अनुसार वीरगंजको घण्टाघर स्थित ब्राइट पब्लिक स्कुलमा, बराको कलैया स्थित देवकीलाल धर्मशालामा, रौतहटको गौर, धनुषाको जनकपुरधाम स्थित नेपाल पत्रकार महासंघको प्रांगणमा, महोत्तरीको जलेश्वर, बर्दिबास र सोनमा गाउँपालिका १ मा रक्तदान भएको हो ।

यस्तै सिरहाको नवराजपुर गाउँपालिका १ सोनवर्साचौकमा, सप्तरीको राजविराज स्थित जेसिज भवन, सर्लाहीको मलंगवा २ स्थित बाल मन्दिरमा रक्तदान भएको आयोजक ब्लडफर नेपालका संस्थापक सरोजकुमार महतोले जानकारी दिए । आठवटै जिल्लामा सम्पन्न रक्तदान कार्यक्रमबाट करिब ७ सय प्रीन्ट रगत संकलन भएको आयोजक संस्थाले जनाएको छ ।

## सम्पादकीय

# सरकारको घरटहरा हटाउने अभियान: एक नयाँ अध्यायको सुरुवात

नेपाल सरकारले सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा हटाउने अभियानलाई देशव्यापी रूपमा तीव्र पारेको छ । काठमाडौं महानगरपालिकाबाट सुरु भएको यो अभियान अहिले चितवन, बुटवल, पोखरा लगायतका प्रमुख शहरहरूमा पनि फैलिएको छ । यसले वर्षौंदेखि अव्यवस्थित रूपमा रहेका संरचनाहरूलाई हटाएर देशको शहरी सौन्दर्य र व्यवस्थापनमा नयाँ आयाम थपेको छ । सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोगका लागि चालिएको यो कदमले सुशासनको प्रत्याभूति गराउँदै देशलाई नयाँ स्वरुप दिने दिशामा महत्वपूर्ण भूमिका खेलेको छ ।

विगतमा यस्ता अभियानहरूले खासै सफलता पाउन सकेका थिएनन्। घरटहरा छाड्न नचाहनेहरूले राजनीतिक आडमा वा विभिन्न बहानामा प्रतिवाद गर्ने गरेका थिए । तर, यसपटक परिस्थिति फरक देखिएको छ । धेरै स्थानमा स्थानीय बासिन्दाहरूले सरकारी टोली आउनुअघि नै आफ्ना संरचनाहरू आफैं हटाउन थालेका छन् । यसको मुख्य कारण बालेन शाहको नेतृत्वमा काठमाडौंमा देखिएको दृढता र त्यसले स्थापित गरेको 'कानूनी शासन' को बलियो सन्देश हो । 'कोही पनि कानूनभन्दा माथि छैन' भन्ने भावनाले जनमानसमा सकारात्मक प्रभाव पारेको छ, जसले गर्दा यस अभियानलाई जनताको स्वतःस्फूर्त सहयोग प्राप्त भएको छ ।

बालेन शाहको नेतृत्वले अन्य स्थानीय तहका प्रमुखहरूलाई पनि सार्वजनिक जग्गा अतिक्रमण हटाउनका लागि साहस प्रदान गरेको छ । यो केवल एक व्यक्तिको सफलता नभई विधिको शासनको स्थापनाका लागि एउटा महत्वपूर्ण कोसेढुङ्गा हो । यस अभियानले राजनीतिक हस्तक्षेप र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सार्वजनिक हितका लागि काम गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ । यसले भविष्यमा पनि यस्ता जनहितकारी कार्यहरूलाई निरन्तरता दिनका लागि प्रेरणा मिल्ने देखिन्छ ।

यस अभियानले 'नक्कली सुकुम्बासी'हरूको हालिमुहालीलाई पनि पर्दाफास गरेको छ । धेरैजसो सार्वजनिक जग्गा अतिक्रमण गरिएका क्षेत्रमा वास्तविक सुकुम्बासीभन्दा पनि राजनीतिक पहुँचका आधारमा जग्गा हडप्ने 'हुकुमबासी' हरूको बाहुल्यता रहेको तथ्य बाहिर आएको छ । सरकारको यो कदमले वास्तविक सुकुम्बासीहरूलाई व्यवस्थित गर्ने र नक्कली सुकुम्बासीका नाममा हुने सार्वजनिक सम्पत्तिको दोहनलाई रोक्न मद्दत पुर्याएको छ । यसले समाजमा न्याय र समानता स्थापित गर्नमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, सरकारले चलाएको यो घरटहरा हटाउने अभियान केवल भौतिक संरचना हटाउने कार्य मात्र नभई देशमा सुशासन, विधिको शासन र सार्वजनिक सम्पत्तिको संरक्षणका लागि चालिएको एक दूरगामी कदम हो । यसले देशको नयाँ र व्यवस्थित स्वरुप कायम गर्न मद्दत पुर्याउनेछ । विकास र समृद्धिका लागि सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग अनिवार्य शर्त हो भन्ने सन्देश यो अभियानले दिएको छ । यसलाई निरन्तरता दिँदै थप व्यवस्थित र न्यायोचित बनाउनु आवश्यक छ ।

# नारीको अपमान र सत्ताको पतन: हस्तिनापुरदेखि च्यासलसम्म



–बुद्धिमान परियार

आजभन्दा करिब ३१०० इसापूर्व अर्थात् ५१०० वर्षअगाडि कुरुक्षेत्रमा भीषण युद्ध भएको थियो । यो युद्ध वास्तवमा भन्नुपर्दा सत्य (धर्म) र असत्य (अधर्म) बीचको युद्ध थियो । यो पाण्डुका पाँच छोरा पाण्डवहरू र धृतराष्ट्रका सय छोरा कौरवहरूबीच सत्ता र राज्यको विषयमा भएको एउटा भयङ्कर युद्ध थियो ।

कौरवहरूले सत्तामोह र सत्ताशक्तिको आडमा असत्यवादी बाटो अपनाएका थिए भने पाण्डवहरू सत्ताका प्रमुख दाबेदार र हिस्सेदार हुँदाहुँदै पनि अन्यायको सिकार बनेका थिए । भरतवंशी कुलका पाण्डव र कौरव दुई परिवारबीच राज्यसत्ताका लागि भएको महायुद्धका दर्जनौँ घटनाहरू छन् । ती घटनाहरूमध्ये एउटा कारुणिक घटना द्रौपदीको चीरहरण हो; कुरुक्षेत्रमा महासङ्ग्राम हुनुको मुख्य कारक पनि यही हो भन्दा फरक नपर्ला ।

पाण्डवहरूलाई पाखा लगाउन शकुनिको चलाखीपूर्ण षडयन्त्र र योजना थियो । जुवा खेलाउने र हराउने षडयन्त्रको जालमा पाण्डवहरूलाई फसाइएको थियो । उसबेला राज्यले आह्वान गरेको कार्यक्रममा सहभागी हुनु अनिवार्य थियो, त्यसैले पाँच पाण्डवहरू जुवा खेल्न तयार भए । कौरवको तर्फबाट जालझेल र छलकपटका ज्ञाता शकुनिले जुवा खेल्ने भए भने पाण्डवका तर्फबाट सोझा, इमानदार र धर्मात्मा स्वयम् युधिष्ठिरले जुवा खेले ।

जालझेल र षडयन्त्रमा माहिर शकुनिले जित्दै गए भने युधिष्ठिरले आफ्ना भएभरका सबै थोक हारे । उनले अन्त्यमा द्रौपदीलाई समेत दाउमा राखेर हार व्यहोर्नुप¥यो । दुर्योधनको दम्भ, घमण्ड र शकुनिको जालझेल पितामह भीष्म, गुरु द्रोण र महामन्त्री विदुरले आँखाअगाडि देखिरहेका थिए तर रोक्न सक्दैनथे, किनकि उनीहरू शक्तिको छायामा थिए । कौरवहरूको पछाडि महाराजधिराज धृतराष्ट्र थिए । भीष्म, द्रोणाचार्य र विदुरले उनीहरुकै नुन खाएका थिए, त्यसैले पनि कौरवहरूको अत्याचार र षडयन्त्रविरुद्ध बोल्न उनीहरू असमर्थ थिए ।

जब युधिष्ठिर श्रीमती द्रौपदीलाई हार्न पुगे, तब त्यस सभामा एउटा हृदयविदारक दृश्य र द्रौपदीको कारुणिक व्यथा देखियो । पाण्डव पक्षको जुवामा सर्वस्व हार भएपछि मूर्ख दुर्योधनको गर्जन हुन्छ र 'रणवासमा बसेकी द्रौपदीलाई लिएर आऊ' भनी प्रातिकामीलाई आदेश दिन्छन् । सभामा के भइरहेको थियो भन्ने द्रौपदीलाई केही थाहा थिएन ।

यही बेला प्रातिकामी प्रवेश गरी सभामा जान आग्रह गर्छन् तर द्रौपदीले इन्कार गर्छिन् । प्रातिकामीको पटक–पटकको प्रयास विफल भएपछि दुशासन गई लछारपछार पार्दै द्रौपदीलाई सभामा ल्याउँछन् । सभाको माहौल अत्यन्तै असामान्य र दुःखद हुन्छ । द्रौपदीले त्यहाँको अवस्थालाई बुझ्छिन् र अनुनय–विनय गर्छिन् तर कसैले सुन्नेवाला र बोल्नेवाला हुँदैन ।

दुर्योधन द्रौपदीलाई निर्वस्त्र बनाउन चाहन्थे र त्यहीअनुसार दुशासनलाई आदेश दिन्छन् । यो बेला भीष्म, द्रोण र विदुर मूकदर्शक बनेका थिए भने आफूहरू शक्तिशाली भए तापनि पाँच पाण्डवहरू निरीह बन्नुपरेको थियो । महाराजधिराज धृतराष्ट्र र उपस्थित सज्जनवृन्दहरूसँग पनि उनले पुकार गरिन् तर महामूर्ख दुर्योधनका सामु कसैको केही चलेन ।

आँसुका धारासँगै अनेकौँ हारगुहार गर्दै सुरुमा द्रौपदीले आफ्नो लाज जोगाउन आफैँ वस्त्र समातेर जोगिन खोजिन्, अनि सभामा उपस्थित भीष्म, द्रोण, विदुर, धृतराष्ट्र आदिलाई पनि न्यायका लागि गुहारिन् । तर, जब कसैले मद्दत गरेनन्, त्यसपछि उपस्थित सबैलाई धिक्कार्दै उनले दुवै हात उठाएर पूर्ण रूपमा भगवान् श्रीकृष्णमा समर्पित भइन् ।

उनले भनिन्, 'हे गोविन्द ! हे केशव ! हे द्वारकामा बस्ने कृष्ण ! हे नाथ ! हे व्रजका स्वामी ! दुःख हटाउने प्रभु, कौरवहरूले मलाई यसरी अपमान गरिरहेका छन्, के तपाईंलाई थाहा छैन ? हे कृष्ण ! हे माधव ! तपाईं मेरो अन्तिम आश्रय हुनुहुन्छ ।' उनले चीरहरणको समयमा अत्यन्तै पीडादायक, कारुणिक र भक्तिभावले भरिएका शब्दहरूमा भगवान् श्रीकृष्णसँग प्रार्थना गरेकी थिइन् । त्यसपछि उनको साडी अनन्त रूपमा बढ्दै गयो र चीरहरण असफल भयो ।

तब द्रौपदी अत्यन्त क्रोधित भइन् र कडा प्रतिज्ञा गरिन् कि "जबसम्म म दुशासनको छाती चिरेर निकालिएको रगतले आफ्नो केश (कपाल) धुँदिनँ, तबसम्म म आफ्नो केश बाँध्ने छैन ।" साथै दुर्योधन र कौरवहरू प्रति गहिरो अपमान र क्रोध व्यक्त गर्दै उनले न्यायका लागि लड्ने वाचा गरिन् । यस घटनालाई महाभारत युद्धको प्रमुख कारणमध्ये एकका रूपमा लिने गरिन्छ, किनकि पाण्डवहरूले अपमानको बदला लिने सङ्कल्प गरेका थिए ।

२०८२ साउन ४ गतेः विद्यादेवी भण्डारीको राजनीतिक चीरहरण

नेकपा एमालेको राजनीतिक जीवनमा एउटा यस्तो बिर्सनै नसक्ने घटना घट्यो, जुन घटना आजभन्दा ५१०० वर्षअगाडि हस्तिनापुरमा घटेको थियो । त्यही स्वरूपको घटना २०८२ साल साउन ४ गते ललितपुरको च्यासलमा नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा देखियो, जहाँ एक जना राजनीतिर्मीको चीरहरण हुँदै थियो र उहाँको ४५ वर्ष लामो इतिहास समाप्त पारिँदै थियो । उहाँले नेकपा एमालेलाई यहाँसम्म ल्याउन अत्यन्तै ठूलो योगदान गर्नुभएको थियो ।

त्यति मात्र होइन, वर्तमान अध्यक्ष केपी शर्मा ओलीलाई शक्तिशाली पद अध्यक्षमा निर्वाचित गराउन भएभरको बल लगाउनुभएको थियो । यतिले मात्र उहाँको चर्चा पुग्दैन; जब पार्टीमा माधव नेपालको १५ वर्षे एकछत्र राज थियो, त्यसबेला त्रासदीपूर्ण अवस्थामा पनि उहाँ केपी ओली समूहमा खम्बा भएर नेतृत्वको कतिपय गलत कुराको खबरदारी गरिरहनुभयो । पार्टीको हितमा, तमाम कार्यकर्ताको संरक्षणमा, सार्वभौमसत्ता र स्वाधीनताको पक्षमा उहाँले खेल्नुभएको भूमिका सामान्य थिएन ।

समय र परिस्थितिले राज्यको उच्च स्थानमा पुग्नुभएकी विद्यादेवी भण्डारी आफ्नो कार्यकाल पूरा गरी पुनः राजनीतिक जीवनमा फर्कन बाध्य हुने स्थिति सिर्जना भएपछि असामान्य अवस्था पैदा हुन पुग्यो । उहाँ राजनीतिमा आउनुहुन्थ्यो वा हुन्थेन ? जनमानसमा पक्ष–विपक्षमा तर्क–वितर्क भए तापनि पार्टीभित्रकै उच्च तहका नेताहरूले पटक–पटक भेटवार्ता गरी नेकपा एमालेको नेतृत्व लिन सल्लाह दिएको कुरा मिडियामार्फत थाहा हुन आउँछ ।

स्वयम् अध्यक्ष केपी ओलीले पत्रकार ऋषि धमलासँग मज्जाले 'पार्टी काममा फर्कन मिल्ने' कुरा आफ्नै निजी निवास बालकोटमा भन्नुभएको कुरा सार्वजनिक भयो । यी र यस्तै कुराले उहाँ पार्टी काममा फर्की योगदान गर्ने योजनाका साथ लामो समयपश्चात् सदस्यता नवीकरणको कार्यसमेत सम्पन्न गर्नुभयो र सँगसँगै सरकारी सेवा–सुविधासमेत त्याग्नुभएको थियो ।

वास्तवमा उहाँ पार्टी काममा फर्कनु भनेको पार्टीको निम्ति धेरै राम्रो हुने अनुमान कार्यकर्ता तथा सदस्यहरूलाई लागेको थियो । तर पार्टीभित्रका स्वार्थीहरूलाई यो पचेन । त्यसपछि अध्यक्ष कमरेडलाई उचाल्न थालियो । विशेषगरी पार्टीभित्रको 'ग्याङ अफ फाइभ' सक्रिय हुन थाल्यो । उनीहरू कुनै पनि हालतमा विद्यादेवी भण्डारीलाई पार्टीमा भित्र्याउनु हुँदैन भन्ने जोडमा थिए, किनकि यदि उहाँ पार्टीमा आउने हो भने उनीहरूको राजनीतिक भविष्य अन्धकार हुने आशङ्का उनीहरूले गर्न थाले । त्यसकारण एजेन्डामा नै नभएको विषय निकाली पूर्वराष्ट्रपति एवं पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीको पार्टी सदस्यता खारेज गरियो । वास्तवमा यो निर्णय अत्यन्तै निर्दयी, निरङ्कुश, अन्यायी र तानाशाहपूर्ण थियो ।

यस्तो अन्यायपूर्ण निर्णयमा अधिकांश केन्द्रीय सदस्यहरू 'हो मा हो' मिलाएर ताली पिट्नेमा थिए भने केही पदाधिकारीहरू भीष्म, द्रोण र विदुरजस्तै मूकदर्शक भएर बसेका थिए । सदस्यता खारेज गर्नुहुँदैन भन्दै केही पदाधिकारीहरू ईश्वर पोखरेल, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, योगेश भट्टराई र कर्ण थापाहरूले सशक्त कुरा उठाउनुभएको थियो, तर के गर्नु– उनीहरू निरीह थिए, जसरी महाभारतमा पाण्डवहरू निरीह थिए ।

हुन त पार्टी केन्द्रीय कमिटीमा दुई जना पदाधिकारीसहित ११८ जना महिलाहरू विराजमान हुनुहुन्थ्यो, यद्यपि कोही–कोही 'खुचिङ' गरिरहेका थिए भने कोही विरोधको आवाज उठाइरहेका थिए । तर उनीहरूको आवाज सानो थियो । कतिपय त तल्लो स्तरमा झरेर महिला भएर पनि महिलाकै विरुद्ध विषवमन गरिरहेका थिए ।

त्यसैगरी अध्यक्षलाई खुसी पार्न केही पुरुषहरूले पनि सदस्यता खारेजीमा मात्र जोड दिएनन्, अशोभनीय र असभ्य शब्दसमेत ओकले । यसरी ४५ वर्षे राजनीतिक जीवनको अन्त्य गरेर पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीको साधारण सदस्यसम्म नरहने गरी 'राजनीतिक चीरहरण' गरियो ।

**निष्कर्षः**

महाभारतमा द्रौपदीको जसरी अन्याय, अत्याचार र अमानवीय तवरले चीरहरण गरियो, वास्तवमा उनको आँसुको कारण हस्तिनापुर तहसनहस हुन पुग्यो । कुरुक्षेत्र पुरै रणमैदान भयो र करोडौँ धन–जनको क्षति हुन गयो । दम्भी, घमण्डी र अहंकारी कौरवहरू, विशेषगरी दुर्योधनहरूको दुःखद अन्त्य भयो ।

त्यसैगरी नेकपा एमालेले, विशेषगरी नेतृत्वले विद्यादेवी भण्डारीप्रति गरेको अन्याय र उहाँको आँसुको कारण आज एमालेजस्तो विशाल पार्टी खुम्चिएर २५ सीटमा सीमित हुन पुग्यो । त्यति मात्र होइन, अध्यक्षलगायत सम्पूर्ण पदाधिकारीहरू र विशिष्ट व्यक्तित्वहरू समेतले लज्जास्पद हार व्यहोर्नुप¥यो र अहिले नेकपा एमाले इतिहासकै कठिन मोडमा उभिन पुगेको छ । त्यसकारण दुई निर्दोष नारीहरूको आँसुले दुर्भाग्यपूर्ण परिणाम भोग्नुप¥यो । सबैलाई चेतना भया, 'आँसुको भार महँगो हुन्छ ।'

# सुपारी, मरिच, केराउजस्तै तस्करीको नयाँ बस्तु खरबुजाको बीउ

***कुनै बेला विदेशबाट आयात गरेको लसुन र पोस्तादाना भारततिर चोरी निकासी हुन्थ्यो । त्यसपछि सुपारी, मरिच, केराउ र छोकडा तस्करी भयो । पछिल्लो समय खरबुजाको बीउ आयात गरेर भारततिर अवैध निकासी भइरहेको छ ।***



रितेश त्रिपाठी

खरबुजाको बीउ अर्थात् 'मेलोन सीड'को पनि तस्करी हुने गरेको पाइएको छ । भारतले स्वदेशी किसानको हित संरक्षण गर्न लिएको नीतिले त्यहाँ विदेशबाट सिधै खरबुजाको बीउ आयात गर्न पाइँदैन । तर नेपाल आयात गरेर भारततर्फ अवैध निकासी हुने गरेको पाइएको हो ।

स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन गर्न भारतको कृषि तथा किसान कल्याण विभागको सिफारिसमा त्यहाँ भन्सार महसुलको दरहरू समायोजन र निर्धारण गरिन्छ । यसले विभिन्न बस्तुलाई विदेशबाट आयातमा 'महसुलमा आधारित अवरोध'देखि 'प्रतिबन्ध'सम्म हुने गर्छ । भारतका लागि खरबुजाको बीउ त्यस्तै 'प्रतिबन्धित' श्रेणीमा रहेको बस्तु हो ।

कतिपय भारतीयले यसलाई परिकार बनाउन र पौष्टिक आहारका लागि 'ड्राई फ्रुट्स'को रूपमा पनि प्रयोग गर्ने हुँदा महँगो बस्तु मानिन्छ । यसको माग स्वदेशी उत्पादनले नधानेपछि भारतले गत वर्ष दुई महिना आयात खुल्ला गरेको थियो । तर २०२४ जुलाई १ (२०८१ असार १७) देखि पुनः प्रतिबन्धित श्रेणीमा राखेको छ । त्यसयता नेपालमा यसको आयात अपत्यारिलो तरिकाले बढेको छ । यसको आयातमा अचानक भएको वृद्धि भारततर्फ तस्करी गर्ने सञ्जालको सक्रियताकै कारण भएको सरकारी अधिकारी बताउँछन् ।

**आयात ५८ गुणाले वृद्धि**

भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२–८३ को पछिल्लो आठ महिनामा गत आर्थिक वर्षको यसै अवधिको तुलनामा खरबुजाको बीउको आयात साढे ५८ गुणाले बढेको छ । पोहोर फागुनसम्म जम्मा २०१ टन खरबुजाको बीउ आयात भएको थियो । यो वर्ष सोही अवधिमा ११ हजार ७५६ टन आयात भएको छ ।

औसत रूपमा मासिक आयात दर करिब २५.२५ टन रहेको खरबुजाको बीउ अचानक वृद्धि भई १४ सय ७० टन पुगेको छ । 'सामान्य रूपमा बस्तुको आयात नियमितभन्दा १०–२० प्रतिशत बढी वा घटी भयो भने त्यसको मूल्य वा मागमा आएको परिवर्तनले गर्दा भएको मानिन्छ, तर अपत्यारिलो रूपमा आयात वृद्धि भयो भने तस्करीले गर्दा हो भन्नेमा सन्देह आउँदैन,' भन्सार विभागअन्तर्गत रहेर लामो समय काम गरेका अर्थ मन्त्रालयका एक अधिकारी भन्छन्, 'नेपाल र भारतमा हुने भन्सार महसुल र करहरूको दरको हेरफेर हुँदा खुल्ला सीमाका कारण चोरी निकासी र चोरी पैठारी हुने गरेको छ, यो एउटा समस्या नै हो ।'

सीमा सुरक्षाका जानकारहरू यस्तो तस्करी नियन्त्रण गर्न सकिने विषय भए पनि नीतिगत दृढताको अभावमा सधैँ समस्या भइरहेको बताउँछन् । सशस्त्र प्रहरी बलका पूर्व एआईजी नारायणबाबु थापा सीमामा चोरी निकासी र पैठारी प्रवृत्ति नै भएको बताउँछन् । सुरक्षाकर्मीले कडाई गर्दा सामान समातेको भन्दै विरोध आउने र नसमाउँदा पैसा खायो भन्ने आरोप आउने गरेको उनको भनाइ छ ।

'कुनै स्वार्थ नराखी राम्रो गरौँ भन्यो भने भने नियन्त्रण सम्भव छ, तर सबैका स्वार्थ छन्,' थापा भन्छन्, 'सीमा क्षेत्रमा नेतादेखि लिएर अरू सबैको तदारुकता यसलाई नियन्त्रण गरेर राजस्व बढाऔँ भन्ने देखिँदैन । राम्रोसँग प्रयास ग¥यो भने सकिन्छ पनि ।'

**वैध आयात, अवैध निकासी**

वैध आयात र अवैध निकासी हुने बस्तु फेरिने तर प्रवृत्ति उस्तै हुने देखिएको सशस्त्र प्रहरी बलका पूर्व एआईजी थापा बताउँछन् । खासगरी, भारतमा कृषि तथा किसान कल्याण विभागले गर्ने विदेशी आयातमा नियन्त्रणबाट नेपालमा आयातित बस्तुको सीमा वारि र पारि हुने मूल्य अन्तरले तस्करीको आधार बन्छ । त्यसपछि कृषि उत्पादनमा आधारित तयारी बस्तु, अद्र्धतयारी बस्तु र औद्योगिक कच्चा पदार्थको यस प्रकारको तस्करी हुने गरेको देखिन्छ ।

मूलतः यस विभागले बस्तुको आन्तरिक उपलब्धता र किसानको हितबीच सन्तुलन कायम गर्न कृषि वस्तुहरूको आयात–निर्यातसम्बन्धी नीतिगत सिफारिसहरू तयार गर्छ । भन्सार तथा अन्तःशुल्कमा परिमार्जन गर्न विभिन्न आन्तरिक विभागहरूसँग र अन्तर–मन्त्रालय समन्वय यसले गर्छ । यसले संवेदनशील कृषि वस्तुहरूको आयातलाई निगरानी गर्नुको पछाडि 'सस्तो आयातका कारण आन्तरिक उत्पादक वा किसानहरूलाई मर्का नपरोस्' भन्ने उद्देश्य रहन्छ ।

यसै क्रममा भारतीय सुपारीको मूल्य आयातित सस्तो सुपारीको प्रतिस्पर्धामा खस्केर किसानलाई मर्का नपरोस् भनेर त्यहाँ सुपारी आयात प्रतिबन्धित हुँदा नेपालमा आयात बढेको थियो । त्यस बेला सुपारीको चोरी निकासीको संगठित धन्दा स्वदेशी तथा विदेशी सञ्चारमाध्यममा समाचार बनेका थिए । त्यसपछि अचानक मरिचको आयात गरी भारततर्फ चोरी निकासी गर्ने धन्दा फस्टायो । मरिचपछि केराउ, छोकडा र पोस्तादाना जस्ता बस्तु पनि तेस्रो मुलुकबाट आयात गरी भारततर्फ चोरी निकासी भयो ।

**साढे ६ दशकको सञ्जाल**

यस्तो तस्करीका सञ्जाल निकै बलियो र संगठित भइसकेको नेपाल–भारत सीमासम्बन्धी मामिलाका जानकार भारत रक्सोलका सामाजिक अगुवा महेशकुमार अग्रवाल बताउँछन् । तस्करहरूले करिब साढे ६ दशकमा सीमा वारपार दुवैतिर राजनीतिक, सामाजिक र प्रशासनिक पकड बलियो बनाएको उनको भनाइ छ ।

विसं. २०१८ (सन् १९६२) मा चिनियाँ बस्तुको व्यापार गर्नेगरी नेपालमा स्थापना भएको नेसनल ट्रेडिङबाट आयातित बस्तुको भारततिर तस्करी हुने सिलसिला शुरू भएको थियो । खासमा सन् १९६२ को चीन–भारत युद्धपछि नेपालमा भारतमाथि निर्भरताको विकल्पको खोजीमा तेस्रो मुलुकसँगको आयातमा जोड दिन थालेपछि तस्करीको वातावरण पनि बनेको अग्रवाल बताउँछन् ।

चीन–भारत युद्धपछि राजा महेन्द्रले 'सहायता विविधीकरण, व्यापार र वैदेशिक सम्बन्ध नीति' ल्याएर भारतमाथिको निर्भरता घटाउने प्रयास गरेको त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग अन्तर्गत गरिएको अशोकराज पाण्डेको शोधमा उल्लेख छ । 'सीमावर्ती शहरहरूमा नेसनल ट्रेडिङको बिक्री केन्द्रहरू खुलेपछि त्यसको सामान भारततिर पनि रुचाइन्थ्यो । त्यहाँ सिसाकलम, विदेशी मदिरादेखि ठूला मेसीनरी सामान पनि पाइन्थ्यो,' उनी भन्छन्, 'त्यहाँ सामान किन्नकै लागि भारतीयहरू टाढा टाढाबाट पुग्थे । कतिपय बस्तुको संगठित तस्करी पनि भयो ।'

नेसनल ट्रेडिङले चीनबाट भित्र्याउने कपडा, एमरजेन्सी लाइट, टर्च, विद्युतीय मोटर, ब्याट्री र छाताजस्ता बस्तु भारततर्फ चोरी निकासीको सिलसिलाबाट शुरू यो प्रवृत्ति कृषि उत्पादमा पुगेको छ । सन् १९९० यता त्यस्ता कृषि उत्पादनका बस्तु विदेशबाट नेपाल आयात गरेर भारत निकासीको धन्दा मौलाएको अग्रवालको भनाइ छ ।

सन् १९९० को दशकमा विदेशबाट लसुन र पोस्तादाना आयात गरेर भारत निकासी हुन्थ्यो । त्यसपछि सुपारी, मरिच, केराउ, छोकडा र पुनः पोस्तादानाको वैध आयात र अवैध निकासी भएको देखिन्छ ।

# ३५ वर्षदेखि रहेका बेथितिहरूलाई सुधार गर्दैछौँः शाक्य



**काठमाडौं ।**
सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद टेकबहादुर शाक्यले मुलुकमा रहेको विगत ३५ वर्षदेखिको बेथितिलाई सुधार्रने गतिमा रास्वपा अघि बढेको बताएको छ । नेपाल राष्ट्रिय व्यवसायी महासंघको ८ औँ वार्षिक साधारणसभामा बोल्दै शाक्यले पुराना दलहरुले देशमा सिर्जना गरेको बेथितिलाई दुई तिहाइ बहुमत नजिकको सरकारले हटाउन चाहिरहेको बताएका छन् । उनले मुलुकमा सुशासन स्थापना गराउन सरकार र संसदबाट महत्वपूर्ण भुमिका खेलिने बताएका छन् । शाक्यले बजारमा पारदर्शिता अभाव रहेको सन्दर्भमा एमआरपी (अधिकतम खुद्रा मूल्य) प्रणाली लागू गर्ने कदमलाई सकारात्मक रहेको समेत बताएका छन् ।

सांसद शाक्यले भने –‘आज सम्मको ३५ वर्षको इतिहासमा जति पनि बेथितिहरु थिए, ती बेथितिहरुलाई थितिमा ढाल्ने प्रयास गर्दैछौं । एउटा आजसम्मको नमूना एमआरपी नहुँदाखेरि जुन किसिमको बजारमा अपारदर्शिता थियो त्यो एकखालको बेथिति पनि हो । हामीले यहाँनेर आत्तिनुपर्ने अवस्था छैन ।

साना व्यवसायी र मझौला व्यवसायी कहिँ लोप हुने हो कि, कहिँ दुख पाउने हो कि, हराएर जाने हो कि भन्ने एउटा शंका मात्रै हो । अहिलेको अर्थमन्त्री अर्थविद् पनि हुनुहुन्छ ।

उनले विना तथ्य, विना आधार, विना अध्ययन, विना सल्लाह र सुझाव कुनैपनि खालको कदम चाल्नु हुने छैन म तपाईंलाई विश्वास दिलाउन चाहन्छु । अहिले थुप्रै कुराहरू छन् ।

हामीले २०२६ आज चल्दै गर्दाखेरि एउटा डेभलपिङ कन्ट्रीको रुपमा हामी जाँदैछौँ । हाम्रो एउटा स्तर उन्नति एक स्टेप अगाडि जाँदैछौँ । एक पाइला हामी खुड्किलो चढ्दैछौ । सरकार त्यहाँनेर पनि गम्भीर छ ।’

शाक्यले साना तथा मझौला व्यवसायीहरू हराउने वा विस्थापित हुने आशंका केवल भ्रम मात्र भएको भन्दै सरकार तथ्य, अध्ययन र सुझावका आधारमा मात्र नीति निर्माण गर्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल विकासशील देशतर्फ उन्मुख भइरहेको र आर्थिक स्तर उकास्ने दिशामा सरकार गम्भीर रहेको पनि उहाँले बताएका छन् ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष सुरेन्द्रकुमार श्रेष्ठले वर्तमान युवा पुस्ताको मुख्य अपेक्षा सुशासन र पारदर्शिता रहेको बताएका छन् ।

उनले सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र अवसरको समान पहुँच दिलाउनका लागि वर्तमान सरकार लाग्नुपर्ने बताएका छन् ।

मध्यपूर्व क्षेत्रमा भइरहेको द्वन्द्वका कारण नेपालजस्तो आयातमा निर्भर अर्थतन्त्रमा गम्भीर असर परेको समेत बताएका छन् । उनका अनुसार इन्धनको मूल्य वृद्धि, रेमिट्यान्समा सम्भावित गिरावट, वैदेशिक रोजगारीमा संकट तथा पर्यटनमा कमी जस्ता प्रभाव देखिन थालेका छन् । यस्तो परिस्थितिमा ऊर्जा सुरक्षा, आर्थिक आत्मनिर्भरता र वैकल्पिक बजार विस्तारतर्फ राज्यले गम्भीर पहल गर्नुपर्ने उहाँको भनाइ छ ।

श्रेष्ठले निजी क्षेत्रले सधैं सरकारसँग सहकार्य गर्दै आर्थिक विकासमा योगदान गर्दै आएको र आगामी दिनमा पनि नीति निर्माणदेखि कार्यान्वयनसम्म सक्रिय भुमिका खेल्न तयार रहेको स्पष्ट पारेका छन् ।

उपाध्यक्ष श्रेष्ठले भने –‘सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगार सम्बन्धी र अवसरको समान पहुँच आजको युवा पुस्ताको अपेक्षा हो । हामीले यी विषयहरूलाई प्राथमिकतामा राख्न सके मात्र दिगो विकास सम्भव हुनेछ । हाल मध्यपूर्व क्षेत्रमा भइरहेको द्वन्द्वले सबै नेपाल जस्तो आयातमा निर्भर अर्थतन्त्रमा गम्भीर प्रभाव पारिरहेको छ । इन्धनको मूल्य वृद्धि, रेमिट्यान्समा सम्भावित गिरावट, वैदेशिक रोजगारीमा संकट र पर्यटनमा कमी जस्ता असरहरू देखिन थालेका छन् ।

यस परिस्थितिमा ऊर्जा सुरक्षा, आर्थिक आत्मनिर्भरता र वैकल्पिक बजार विस्तारमा राज्यले गम्भीर पहल गर्न आवश्यक छ । निजी क्षेत्रले सधैँ सरकारसँग सहकार्य गर्दै देशको आर्थिक विकासमा योगदान पुर्याउँदै आएको छ । हामी आगामी दिनमा पनि नीति निर्माणदेखि कार्यान्वयनसम्म सक्रिय भूमिकामा तयार हुनेछौँ ।’

कार्यक्रममा नेपाल राष्ट्रिय व्यवसायी महासंघका निःवर्तमान अध्यक्ष कुमार कार्कीले अनुदान वितरण प्रणालीमा असमानता रहेको आरोप लगाउनु भयो । उहाँले पहुँच र आर्थिक सामथ्र्य भएकाले मात्रै १० देखि २० लाख रुपैयाँसम्म अनुदान पाउने अवस्था रहेको भन्दै गरिब किसानले मल र बीउसमेत नपाउने अवस्था अन्त्य हुनुपर्ने बताएका छन् ।

निःवर्तमान अध्यक्ष कार्कीले भने – अहिलेको अवस्था यस्तो छ कि पैसा हुने र पहुँच हुनेले १० लाख, १५ लाख, २० लाखसम्म अनुदान पाउँछन् ।

तर जो गरिब निमुखा छ, उसले त मल र बिउ समेत पाउन सक्दैन । यस्तो पनि देश हुन्छ ? यस्तो राज्य हुन्छ ? हुदैन ।

यही कारणले गर्दा नयाँ पुस्ता आउनु परेको हो । किसानहरूले मल नपाउने यस्तो अवस्था हुनुहुँदैन । हामी कृषि र तरकारी खेती जस्ता व्यवसायमा पनि जोडिएका छौँ । अहिले भारतबाट तरकारी र केरा आयात भइरहेको छ, जसले गर्दा यहाँका किसानहरूलाई समस्या भइरहेको छ र उनीहरूले उचित मूल्य पाएका छैनन् ।’

उनले कृषि क्षेत्रमा देखिएको समस्या उल्लेख गर्दै भारतबाट तरकारी तथा केराको आयात बढ्दा नेपाली किसानले उचित मूल्य नपाएको र व्यवसाय नै संकटमा परेको बताएका छन् । रासस

# शिक्षा क्षेत्रलाई दलीय राजनीतिमुक्त बनाइँदै



**काठमाडौँ ।**
सरकारले मुलुकको समग्र शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत र संरचनागत सुधारका काम अगाडि बढाएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेको एक महिनाको अवधिमा शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट मुक्त राख्न विद्यालय र विश्वविद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउनेदेखि शैक्षिक वातावरण, गुणस्तर अभिवृद्धि, अनलाइनबाट एनओसी लिनेजस्ता महत्वपूर्ण निर्णय गरिएको छ ।

यसबीचमा विद्यार्थी भर्ना र शुल्क व्यवस्थापन, शैक्षिक क्यालेन्डर सुधारका कामलाई पनि कार्यान्वयनमा ल्याइएको छ । शिक्षामन्त्री पोखरेलले शिक्षाक्षेत्र दलीय राजनीतिमुक्त बनाउन हस्तक्षेपकारी पहल गर्नुभएको छ । दलीय सङ्गठनको विकल्पमा विद्यार्थीको वास्तविक प्रतिनिधित्व गराउन आगामी ९० दिनभित्र ‘स्टुडेन्ट काउन्सिल’ वा ‘भ्वाइस अफ स्टुडेन्ट’ जस्ता गैरराजनीतिक संयन्त्रको विकास गरिनेछ । साठी दिनभित्र शिक्षण संस्थाबाट दलीय आधारमा बनेका सङ्गठनका संरचना हटाइने १०० बुँदे कार्यसूचीमा उल्लेख छ । काठमाडौँ विश्वविद्यालयबाट ‘स्टुडेन्ट’ काउन्सिल कार्य सुरु भएको छ । विश्वविद्यालय समन्वय समितिको हालैको निर्णयअनुसार सबैलाई विद्यार्थी सङ्गठन स्थापनका लागि भवन, जमिन उपलब्ध नगराउने, सङ्गठनका भौतिक सङ्केत हटाउने र कुनै कानुनी व्यवस्था गरेको भए खारेज गर्ने निर्देशन दिइएको मन्त्रालयले जनाएको छ ।

शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि स्नातक तहसम्मको अध्ययनमा नागरिकताको अनिवार्यता हटाउने निर्णय गरिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले सार्वजनिक गरेको शासकीय सुधारको १०० बुँदे कार्यसूचीको बुँदा नम्बर ८८ मा विद्यार्थीलाई स्नातकसम्मको अध्ययनका लागि नागरिकता आवश्यक नपर्नेगरी विश्वविद्यालयले तत्काल कार्यविधि बनाउनुपर्ने उल्लेख छ ।

यस्तै, शैक्षिक क्यालेन्डरअनुसार समयमै नतिजा सार्वजनिक गर्ने र आगामी शैक्षिकसत्रदेखि कक्षा ५ सम्मका आन्तरिक परीक्षा बन्द गरी ‘वैकल्पिक मूल्याङ्कन प्रणाली’ लागू गर्ने तयारी गरिएको छ । नतिजामा आधारित शासकीय प्रबन्ध ‘डेलिभरी बेस्ट गभर्नेन्स’का लागि विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्न परिपत्र भएको र सम्बन्धित संस्थाबाट कार्यतालिका तयारी भइरहेको मन्त्रालयले जनाएको छ । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको क्षमता विस्तार गर्नका लागि जिआइडिसीमा भएको ‘नेटवर्क इस्यु’को समाधान भएको छ । सिकाइ चौतारी मोबाइल एप विकास गरी सञ्चालनमा ल्याइएको छ । माध्यमिक शिक्षा परीक्षाको नतिजा परीक्षा सम्पन्न भएको दुई महिनाभित्र नै रिजल्ट आउनेगरी तयारी भइरहेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम संस्थागत विद्यालयले अनिवार्य रुपमा छात्रवृत्ति उपलब्ध गराउनका लागि मन्त्रालयबाट सबै स्थानीय तहलाई परिपत्र भई सोको प्रतिवेदनसमेत प्राप्त भइसकेको छ । वैदेशिक अध्ययनमा जाने विद्यार्थीले अब घरबाटै वैदेशिक अध्ययन अनुमतिपत्र ‘नो अब्जेक्सन सर्टिफिकेट’ (एनओसी) लिनसक्ने भएका छन् ।

अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेअनुरुप उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन विभिन्न मन्त्रालयबीच समन्वय गरी अवधारणापत्र तयार गर्न प्राविधिक समिति गठन गरिएको छ । रासस

# अतिक्रमित संरचना हटाउने अभियान देशभर



**काठमाडौँ ।**
काठमाडौँ उपत्यकासहित देशभर सरकारी तथा सार्वजनिक जग्गामा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउने अभियान सञ्चालन गरिएको छ । सरकारले पहिलो चरणमा शनिबारदेखि काठमाडौँ उपत्यकाका विभिन्न जोखिमयुक्त क्षेत्रमा अतिक्रमित घरटहरालगायत संरचना हटाउन सुरु गरेको हो । शनिबार काठमाडौँका थापाथली, सिनामङ्गल–गैरीगाउँ र शान्तिनगर क्षेत्रमा नदी किनारमा अवैध संरचना हटाइएको थियो । यस्तै, आज नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहितका सुरक्षा निकायको सहयोगमा सरकारी टोलीले मनोहरा नदी किनारका अतिक्रमित संरचना हटाइरहेका छन् ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणका विकास आयुक्त जानुका ढकालले सुरुआती चरणमा जोखिमयुक्त क्षेत्रका वस्ती हटाइने र दोस्रो चरणमा भूमिहीनको पहिचान गरी बसोबासको उचित व्यवस्थापन गरिने बताइन् । अतिक्रमित जमिन खाली गराउने क्रममा घरबारविहीन भएका नागरिकको प्रारम्भिक विवरण सङ्कलन गर्ने र बसोबासको व्यवस्था गरिएको प्राधिकरणले जनाएको छ ।

काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका–८ स्थित गोठाटार बुद्धचोक र वडा नं ९ को मनोहरा टोलमा रहेका जोखिमपूर्ण बस्तीहरू खाली गर्न थालिएको छ । वस्तीमा रहेका भौतिक संरचना भत्काउनुपूर्व त्यहाँ रहेका नागरिकका सरसामान निकाल्न र ढुवानी गर्न सुरक्षाकर्मीले सहयोग गरिरहेका छन् । अतिक्रमित वस्ती खाली गर्ने क्रममा हालसम्म २१४ परिवार सरकारको सम्पर्कमा आएका प्राधिकरणले जनाएको छ । यसरी सम्पर्कमा आएकाहरूलाई तत्कालका लागि विभिन्न होटलमा बसोबास र खानपानको व्यवस्था मिलाइएको छ ।

अभियानअन्तर्गत काठमाडौँ उपत्यकाका साथै रुपन्देही, नुवाकोट, पर्सालगायत देशका विभिन्न स्थानमा अवैध रूपमा निर्माण गरिएका संरचना धमाधम हटाउन थालिएको छ । रुपन्देहीको बुटवल उपमहानगरपालिका–४ स्थित सरकारी जग्गा अक्रिमण गरी निर्माण गरिएका घरटहरा आज हटाइको छ । बुटवल उपमहानगरपालिकाले शनिबार नै सूचना जारी गर्दै सरकारी जग्गामा बनेका संरचना आफैँ हटाउन आग्रह गरेको थियो ।

नुवाकोटको विदुर नगरपालिकाका विभिन्न स्थानमा सरकारी जग्गा कब्जा गरी निर्माण गरिएका एक दर्जन सरकारी तथा ८६ निजी संरचना ‘गल्छी–रसुवागढी सडक योजनाको कार्यालय’ले हटाएको छ । यस्तै, नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयले आज पर्साको गण्डक नहरको डिलमा अतिक्रण गरेर निर्माण गरिएका घर, टहरालगायत संरचना हटाइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकायको समन्वयमा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउने काम गरिएको वीरगन्ज महानगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिलकुमार कर्णले जानकारी दिए ।

अर्थपूर्ण संवाद गर्न मानवअधिकार एलायन्सको आग्रह

मानवअधिकार एलायन्सले सुकुमवासी तथा भूमिहीनलाई वैकल्पिक व्यवस्थाविना हटाइनु मानवीय र मानवअधिकारको दृष्टिले उचित नभएको जनाएको छ । सङ्गठनका अध्यक्ष विदुर सुवेदीद्वारा जारी विज्ञप्तिमा बस्तीबाट हटाइएका परिवारमा देखिएको भय, असुरक्षा र अनिश्चतताले राज्य र नागरिकबीचको विश्वासलाई कमजोर बनाउने उल्लेख छ । एलायन्सले प्रभावित समुदायसँग खुला, विश्वासपूर्ण र अर्थपूर्ण संवादको सुरुआत गरी बलपूर्वक विस्थापन नगर्न आग्रह गरेको छ । रासस

# संसदीय दलको नेता चयनका लागि बैठक आह्वान

**काठमाडौँ ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक सोमबार बस्ने भएको छ ।

पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले आईतबार विज्ञप्ति जारी गरी सोमबार बिहान ११:०० बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बैठक बस्न लागेको जानकारी दिएका छन् । उक्त बैठकमा सहभागी हुनका लागि समितिका पदाधिकारी एवं सदस्यलाई निर्देशानुसार अनुरोध गरिएको छ ।

यसैबीच सोमबार नै कांग्रेस केन्द्रीय अनुशासन समितिको बैठक बोलाइएको छ । केन्द्रीय अनुशासन समितिका सचिव दिनेश थापामगरले एक सूचना जारी गरी सोमबार दिउँसो २:०० बजे पार्टी केन्द्रीय कार्यालयमा बैठक बोलाएको जानकारी दिएका छन् । रासस

# फलामखानीको थप अनुसन्धान गरिँदै

**काठमाडौँ ।**
खानी तथा भूगर्भ विभागले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हुप्सेकोट गाउँपालिका–५ स्थित धौवादीमा करिब दश करोड मेट्रिकटन फलामको कच्चा पदार्थ (धाउ) रहेको प्रक्षेपण गरेको छ ।

विभागका विज्ञले विभिन्न चरणमा गरेको अध्ययन तथा अनुसन्धानबाट स्थानीय नाम्जाकोटदेखि धौबादी क्षेत्रसम्म फैलिएको करिब १० किलोमिटर भूभागमा फलामको ‘विलेड’ पाइएको हो ।




फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले ‘धौवादी फलाम कम्पनी लिमिटेड’ स्थापना गरिएको छ । कम्पनीले फलाम भण्डारको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

करिब ४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको उक्त फलाम खानीबाट ६० वर्षसम्म दैनिक एक हजार ५०० टन फलाम उत्पादन गर्ने क्षमता रहेको कम्पनीका निर्देशक शैलेशकुमार थापाले जानकारी दिए । उक्त परियोजनाबाट वार्षिक पाँच लाख टन फलामजन्य वस्तु उत्पादन गर्न सकिने भन्दै उनले त्यसले देशको मागको करिब २५ प्रतिशत आयात प्रतिस्थापन गर्ने बताए ।

हाल खानी सञ्चालनपछि वातावरणमा पर्ने असरबारे पर्यावरणीय प्रभाव मूल्याङ्कन भइरहेको निर्देशक थापाले बताए । विस्तृत परियोजना रिपोर्टको काम छिट्टै सुरु हुने पनि उनले जानकारी दिए ।

हाल खानीसम्म पुग्नका लागि पूर्वाधार तथा सडकको स्तरोन्नति भइरहेको छ । खानी सञ्चालनले स्टिल उद्योग विकास तथा ठूलो संख्यामा रोजगारी सिर्जना हुने र फलामको आयात अपेक्षा गरिएको छ ।

कार्यालयका अर्का निर्देशक दिलिपकुमार झाले खानी सञ्चालन भएका स्वदेशी पुँजी स्वदेशमै परिचालन भएर राष्ट्रको समृद्धि हासिल गर्न सघाउ पुग्ने बताए । रासस

# नेपाल एसियन 'बीच गेम्स' को सेमिफाइनलमा



**काठमाडौँ ।**
छैटौँ एसियन 'बीच गेम्स' २०२६ को समूह 'बी' अन्तर्गतको अन्तिम खेलमा नेपालले बङ्गलादेशलाई पराजित गरेको छ । चीनको हाइनान्स्थित सन्या सहरमा आज भएको खेलमा नेपाल बङ्गलादेशलाई ३८–३६ ले पराजित गर्दै विजयी भएको हो । यससँगै नेपाल समूह 'बी' को विजेताको रूपमा सेमिफाइनलमा प्रवेश गरेको हो । नेपाल समूह 'बी' मा अपराजित रहँदै सेमिफाइनल खेल्न लागेको हो ।
नेपालले पहिलो हाफमा १९–१७ ले अग्रता बनाएको थियो । दोस्रो हाफमा सोही अग्रतालाई कायम राख्दै नेपालले जित दर्ता गरेको हो ।
नेपालले समूह चरणको पहिलो खेल चाइनिज ताइपेइसँग खेल्दै ४८–३२ को जित दर्ता गरेको थियो ।
समूह चरणको दोस्रो खेलमा नेपालले थाइल्याण्डलाई पराजित गरेको थियो । नेपालले थाइल्यान्डलाई ४९–३३ ले पराजित गरेको हो । नेपालले अब सेमिफाइनलमा श्रीलङ्कासँग खेल्नेछ ।रासस

# साना तथा मझौला व्यवसायी अर्थतन्त्रका मेरुदण्ड हुन्ः दाहाल




**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले साना तथा मझौला उद्योगी व्यवसायी मुलुकको अर्थतन्त्रको मुख्य मेरुदण्ड भएको बताएका छन् । साना तथा मझौला व्यवसायीको छाता संस्था नेपाल राष्ट्रिय व्यवसायी महासङ्घको आठौँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले स्थानीय उत्पादन, रोजगारी सिर्जना र उद्यमशीलताको विकासमा साना व्यवसायीको भूमिका प्रशंसनीय रहेको उल्लेख गरे ।
नेपालमा समस्याको व्याख्या गर्ने र भाषण गर्नेको कमी नभए पनि व्यवहारमा परिवर्तन ल्याउनेको अभाव रहेको उनको भनाइ थियो ।
हामी व्याख्या धेरै गर्छौँ, तर बदल्ने कुरामा ध्यान दिँदैनौँ, अब व्याख्या मात्र होइन, ठोस काम गरेर देखाउनुपर्ने बेला आएको छ, अध्यक्ष दाहालले भने । बजेट निर्माण हुनुभन्दा अगाडि नै अर्थमन्त्रीसँग बसेर व्यवसायीका समस्याबारे गम्भीर छलफल गर्ने उनले उल्लेख गरे । बैंक तथा वित्तीय संस्थाको उच्च ब्याजदर, प्रशासनिक झन्झट, नीतिगत अस्पष्टता र बजारमा बिचौलियाको दबदबाका कारण व्यवसायी मारमा परेका अध्यक्ष दाहालले बताए ।
अध्यक्ष दाहालले सङ्घीय संसद् र विशेष गरी राष्ट्रियसभाले व्यवसायीको हकहितका लागि आवश्यक कानुन निर्माण र संशोधनमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले कर प्रणालीलाई सरल र व्यवसायीमैत्री बनाउन, युवा उद्यमीलाई प्रोत्साहन गर्न र बजारमा पारदर्शिता कायम गर्न राज्यका सम्बन्धित निकाय सक्रिय हुनुपर्नेमा जोड दिए ।
राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद टेकबहादुर शाक्यले उद्योगी, व्यवसायीको मागप्रति सरकार गम्भीर रहेको बताए । उनले सरकार व्यवसायी र उपभोक्ता सबैको भएकाले समस्या समाधान गर्ने उल्लेख गरे । सांसद शाक्यले निजी क्षेत्रको राय, सुझाव र सल्लाहलाई ग्रहण गरेर सरकार अगाडि बढ्ने स्पष्ट पारे ।
महासङ्घका निवर्तमान अध्यक्ष कुमार कार्कीले व्यवसायीको समस्यालाई सरकारले नसुनेको गुनासो गरे । उनले रास्वपाको नेतृत्वमा भर्खरै निर्माण भएको सरकारले उद्योगी व्यवसायीका समस्या समाधान गर्ने विश्वास व्यक्त गरे । सरकारका पूर्वसचिव कृष्णहरि बाँस्कोटाले विश्व अर्थतन्त्रको असर नेपालको अर्थतन्त्रमा परेको बताए । उपभोक्ता संरक्षण ऐनले व्यवसायीलाई समस्यामा पारेको भन्दै उनले तत्काल समाधान गर्दै लैजानुपर्ने बताए ।
नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष सुरेन्द्रकुमार श्रेष्ठले मुलुकको आर्थिक विकासका लागि निजी क्षेत्र सरकासँग हातेमालो गरेर अगाडि बढ्न तयार रहेको बताए । नेपाल उद्योग वाणिज्य महासङ्घ काठमाडौँका अध्यक्ष दिनेश श्रेष्ठले करका दर समायोजन गरेर अगाडि बढ्नुपर्ने बताए ।
विसं २०७४ मा २१ वटा सङ्घ मिलेर बनेको उक्त महासङ्घमा हाल १० हजार व्यवसायी आबद्ध छन् । महासङ्घका अध्यक्ष मनोजबाबु श्रेष्ठले कर प्रणालीलाई पुनरावलोकन गर्न आवश्यक रहेको बताए ।
बढ्दो भन्सार दरले उद्योगी व्यवसायी समस्यामा परेको उनले बताए । अध्यक्ष श्रेष्ठले व्यवसायीको गोदाममा मौज्दात सामान र आयतको क्रममा रहेको सामानका कारण तत्काल अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्न नसकिने बताए ।रासस

# जापानमा मूल्यवृद्धिको असर 'भेन्डिङ मेसिन' बजारमा

**टोकियो ।**
जापानमा मूल्यवृद्धिका कारण 'भेन्डिङ मेसिन' बाट बिक्री हुने पेय पदार्थहरूको माग घट्दै गएको छ, जसले देशको लामो समयदेखि चलिआएको भेन्डिङ मेसिन संस्कृतिमा परिवर्तन ल्याइरहेको छ । जापानमा भेन्डिङ मेसिनहरू अत्यन्तै सामान्य छन्—यी पोस्ट अफिस, पार्क, रेल स्टेसन, सडक किनार मात्र होइन, माउन्ट फुजीजस्ता दुर्गम स्थानहरूमा समेत पाइन्छन् । तर अहिले उपभोक्ताको खर्च गर्ने व्यवहार बदलिँदै जाँदा यो व्यवसाय दबाबमा परेको छ ।
भेन्डिङ मेसिन एउटा स्वचालित यन्त्र हो, जसबाट मानिसले पैसा (नगद वा डिजिटल भुक्तानी) राखेर आफूलाई चाहिएको सामान तुरुन्त प्राप्त गर्न सक्छन् ।
यसमा सामान्यतया पेय पदार्थ, स्न्याक्स, चुरोट, खाना वा अन्य साना सामानहरू राखिएका हुन्छन् । ग्राहकले मेसिनमा पैसा हालेर वा कार्ड÷मोबाइलबाट भुक्तानी गरेर बटन थिचेपछि सम्बन्धित वस्तु बाहिर निस्किन्छ ।
यसको मुख्य विशेषता भनेको मानव विक्रेता बिना २४ घण्टा नै सेवा दिन सक्नु हो । पछिल्ला वर्षहरूमा जापानमा जीवनयापन खर्च बढेको छ, जसले पेय पदार्थ उद्योगमा प्रत्यक्ष असर पारेको छ । इन्धन, ढुवानी, विद्युत् र मर्मत खर्च बढ्दा भेन्डिङ मेसिन सञ्चालन महँगो भएको छ । साथै, मेसिनहरूमा सामान भर्ने, मर्मत गर्ने र व्यवस्थापन गर्ने जनशक्तिको खर्च पनि बढेको छ । यी सबै कारणले कम्पनीहरूको नाफा घट्दै गएको छ ।
यसै क्रममा ठूला कम्पनीहरूले आफ्ना भेन्डिङ मेसिन नेटवर्क पुनर्गठन गर्न थालेका छन् । केही कम्पनीहरूले हजारौँ मेसिन हटाउने निर्णय गरेका छन् भने केहीले आफ्नो भेन्डिङ व्यवसाय नै बिक्री गर्ने तयारी गरेका छन् । कम्पनीहरूको मुख्य समस्या भनेको बढ्दो लागतका कारण पुरानो 'सूची मूल्यमा बिक्री गर्ने' मोडेल अब लाभदायक नहुनु हो ।
उपभोक्ताहरू पनि परिवर्तन हुँदै गएका छन् । पहिले सजिलो र तुरुन्त उपलब्ध हुने भएकाले भेन्डिङ मेसिन लोकप्रिय थियो, तर अहिले मूल्य बढेपछि धेरै मानिसहरू सुपरमार्केट, कन्भिनियन्स स्टोर वा औषधि पसलहरूमा पाइने सस्तो पेय पदार्थ रोज्न थालेका छन् । उदाहरणका लागि, भेन्डिङ मेसिनबाट पानी पनि तुलनात्मक रूपमा महँगो पर्ने भएकाले उपभोक्ताहरू अन्य विकल्पतर्फ आकर्षित भइरहेका छन् ।
साथै, वातावरणीय चेतनाको वृद्धि पनि अर्को कारण हो । केही मानिसहरूले एकपटक प्रयोग हुने प्लास्टिक बोतल वा क्यान कम गर्न आफ्नै पुनःप्रयोग गर्न मिल्ने बोतल बोकेर हिँड्न थालेका छन्, जसले भेन्डिङ मेसिनको बिक्रीमा थप असर पारेको छ ।
यद्यपि विशेषज्ञहरूका अनुसार भेन्डिङ मेसिन पूर्ण रूपमा हराउने सम्भावना छैन । जापानमा यसको सबैभन्दा ठूलो विशेषता भनेको सुविधा हो—लगभग जुनसुकै ठाउँमा छोटो दूरीमै मेसिन भेटिन्छ, जुन सुविधा अन्य माध्यमले सजिलै प्रतिस्थापन गर्न सक्दैन ।
तर भविष्यमा कम्पनीहरूले नाफा बचाउनका लागि कम स्थानमा, बढी रणनीतिक र उच्च माग भएका क्षेत्रमा मात्र मेसिन राख्ने प्रवृत्ति बढ्ने अपेक्षा गरिएको छ । रासस

# उचित मूल्य नपाएको केरा उत्पादक किसानको गुनासो



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा व्यावसायिक केराखेती गर्दै आएका किसानले उत्पादनअनुसार उचित मूल्य नपाएको गुनासो गरेका छन् । बजारमा उपभोक्ताले महँगो मूल्यमा केरा किन्नुपरेको भए पनि किसानले सस्तो मूल्यमा बेच्न बाध्य हुनुपरेको गुनासो गरेका छन् । मध्यविन्दु नगरपालिका–६ बरुवाका किसान दुर्गाप्रसाद भुर्तेल उत्पादनअनुसार मूल्य नपाउँदा बीचमै व्यवसाय छोड्नुपर्ने अवस्था आएको गुनासो गरे ।
विगत ३० वर्षदेखि केराखेती सुरु गरेका उनले नौ वर्षयता व्यावसायिक केराखेती गर्दै आएका छन् । हाल केरा बेच्दा प्रतिकोसा रु पाँच/छ मात्रै पाइरहेका छौँ । लागत, मेहनत र जोखिम हेर्दा यो मूल्यले त टिक्नै गाह्रो छ, भुर्तेलले भने, रोग–किरा, हावाहुरी तथा असिनापानीका कारण उत्पादनमा समेत निरन्तर असर परिरहेको छ, जसले लागत झन् बढाएको छ । यस्तै, कावासोती नगरपालिका–१३ की फुलकुमारी महतोले अन्य बालीभन्दा राम्रो आम्दानी हुने अपेक्षासहित चार बिघा जमिनमा केराखेती गर्दै आए पनि उचित मूल्य नपाउँदा निराशा बढ्दै गएको बताए । लाखौँ लगानी गरेर खेती गरेका छौँ, तर सस्तोमा बेच्नुपरेको छ, तर बजारमा भने उपभोक्ताले महँगो तिरिरहेका छन् । बीचमा कसले फाइदा लिएको छ, बुझ्नै गाह्रो छ, उनले भने ।
कावासोती कृषिउपज थोक बजार व्यवस्थापन समितिका अनुसार आज केराको थोक मूल्य प्रतिदर्जन रु एक सय ३२ र खुद्रा मूल्य रु एक सय ५० सम्ममा बिक्री भइरहेको छ । किसानले भने यही केरा प्रतिदर्जन रु ६० देखि रु ७२ सम्म मात्र पाउने गरेका छन् । किसान र उपभोक्ताबीचको यो ठूलो मूल्य अन्तरले बजार प्रणालीप्रति नै प्रश्न उठाएको छ ।
बिचौलिया नियन्त्रण, उचित समर्थन मूल्य निर्धारण तथा प्रत्यक्ष बजार पहुँच सुनिश्चित गर्नसके आफूहरूलाई राहत मिल्ने किसान दुर्गाप्रसाद भुर्तेलले बताए । समयमै प्रभावकारी नीति नल्याए केराखेतीप्रति किसानको आकर्षण घट्ने जोखिम रहेको उनले बताए । कृषि विकास कार्यालयका सूचना अधिकारी सञ्जय ढकालका अनुसार जिल्लामा हाल पाँच सय ५१ हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ । उत्पादन बढ्दो क्रममा रहे पनि बजार व्यवस्थापन र मूल्य निर्धारणमा भने असन्तुलन रहेको उनको भनाइ छ ।रासस

# पुल बगाउँदा भोजपुर–चखेवा सडक बन्द



**भोजपुर ।**
भारी वर्षासँगै आएको बाढीले पुल बगाउँदा भोजपुर–चखेवा सडक पूर्णरूपमा बन्द भएको छ । भोजपुर नगरपालिका–५, बोखिमस्थित चाल्से खोल्सामा शनिबार राति आएको बाढीले मोटरेबल पुल बगाएपछि उक्त सडक खण्डमा यातायात सेवा ठप्प बनेको हो ।
बहाव तीव्र भएका कारण बाढीले पुल बगाएको स्थानीयले बताए । पुल बगेसँगै मध्यपहाडी लोकमार्गसँग जोडिने यो सडक खण्ड अवरुद्ध हुँदा दैनिक आवतजावतमा समस्या भएको छ ।
उक्त सडक बन्द भएपछि स्थानीय उत्पादन बजारसम्म पु¥याउन समस्या भएको छ ।
सडक अवरुद्ध हुँदा स्थानीयवासी प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । बिरामी ओसारपसार, विद्यालय जानआउन तथा दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको भोजपुर नगरपालिका–५ का वडाध्यक्ष फविन्द्र प्रधानले जानकारी दिए ।
बाढीले पुल बगाएपछि वैकल्पिक उपाय खोज्दै छौँ, अस्थायी रूपमा सडक सञ्चालन गर्ने प्रयासमा छौँ, उनले भने । सडक डिभिजन कार्यालय तुम्लिङटारले प्राविधिक टोली खटाएको जनाएको छ । टोलीले क्षतिको स्थलगत अध्ययन गरिरहेको र अस्थायी रूपमा सडक सञ्चालन गर्ने विकल्पबारे छलफल गरिरहेको छ । डोजर तथा अन्य उपकरण प्रयोग गरी सडक मर्मत तथा वैकल्पिक बाटो निर्माणको प्रयास भइरहेको छ ।रासस

# मध्यपूर्व द्वन्द्वका कारण ऊर्जा सङ्कट गहिरिँदै, अमेरिकी अर्थतन्त्र प्रभावित



**वासिङ्टन ।**
अमेरिकी केन्द्रीय बैङ्क फेडरल 'रिजर्भ' ले आगामी बैठकमा ब्याजदर यथावत राख्ने सम्भावना उच्च देखिएको छ, जसलाई विश्लेषकहरूले हालको आर्थिक र भूराजनीतिक अवस्थासँग जोडेर हेरेका छन् ।
अहिले ब्याजदर ३.५० प्रतिशत देखि ३.७५ प्रतिशत को दायरामा छ र यसलाई परिवर्तन नगरी कायम राख्ने अपेक्षा गरिएको छ ।
यसको मुख्य कारण मध्यपूर्वमा जारी युद्ध हो, जसले विश्वव्यापी तेल आपूर्तिमा असर पारेको छ । विशेषगरी इन्धन र ऊर्जा मूल्य बढ्दा अमेरिकामा उत्पादन लागत, यातायात खर्च र दैनिक उपभोग्य वस्तुको मूल्यसमेत वृद्धि भएको छ, जसले मुद्रास्फीतिमा थप दबाब सिर्जना गरेको छ ।
हाल अमेरिकामा मुद्रास्फीति ३.३ प्रतिशत पुगेको छ, जुन पछिल्ला करिब दुई वर्षको उच्च स्तर मानिन्छ । फेडरल रिजर्भको मुख्य उद्देश्य मूल्य स्थिरता कायम राख्नु र रोजगारी बजारलाई सन्तुलनमा राख्नु हो ।
तर अहिलेको अवस्थामा यी दुई लक्ष्यबीच सन्तुलन मिलाउन कठिन भइरहेको छ, किनकि एकातिर महँगी नियन्त्रण गर्न कडा मौद्रिक नीति आवश्यक छ भने अर्कोतर्फ आर्थिक वृद्धि र रोजगारीलाई असर नपर्ने गरी नीति बनाउनुपर्ने दबाब छ ।
विशेषज्ञहरूका अनुसार ऊर्जा सङ्कटले मात्र होइन, आपूर्ति शृङ्खलामा आएको अवरोधले पनि महँगीलाई निरन्तर उच्च राख्न मद्दत गरिरहेको छ । यसले उपभोक्ता खर्च घटाउने सम्भावना बढाएको छ र व्यवसायहरूमा लागत दबाब थपेको छ । यही कारणले फेडले तत्काल ब्याजदर घटाउने सम्भावना कम देखिएको हो ।
फेडका अधिकारीहरू पनि अहिलेको अवस्थामा 'पर्ख र हेर' रणनीति अपनाइरहेका छन्, किनकि युद्धको प्रभाव अझै पूर्ण रूपमा स्पष्ट भएको छैन । केही नीति निर्माताहरूले दीर्घकालीन महँगी जोखिम बढ्ने चेतावनी दिएका छन्, जसले भविष्यमा ब्याजदर कटौतीको सम्भावनालाई पनि कमजोर बनाएको छ ।
साथै, फेडको निर्णय राजनीतिक दबाबबीच पनि आउँदैछ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्याजदर घटाउन निरन्तर दबाब दिइरहेका छन् भने फेडको स्वतन्त्रता र नेतृत्व परिवर्तनबारे समेत बहस भइरहेको छ । यी सबै कारणले आगामी बैठक केवल आर्थिक निर्णय मात्र नभई राजनीतिक दृष्टिले पनि महत्वपूर्ण बन्न पुगेको छ ।
ऊर्जा सङ्कट, उच्च मुद्रास्फीति, रोजगारी बजारको अनिश्चितता र राजनीतिक दबाबका कारण फेडरल रिजर्भले तत्काल ब्याजदर परिवर्तन नगरी स्थिर राख्ने सम्भावना सबैभन्दा बलियो देखिएको छ, जबकि भविष्यको दिशा भने अझै अनिश्चित रहेको छ ।रासस

# अण्डा र चल्लामा कर लगाएर समृद्धि आउँदैनः पराजुली



**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका उपनेता गणेश पराजुलीले स्थानीय सरकारले लिने अव्यावहारिक कर र सुकुम्वासी समस्या समाधानमा देखिएको ढिलासुस्तीप्रति चासो व्यक्त गरेका छन् । पराजुलीले संघीय सरकारको कृषि नीतिसँग नबाझिने गरी स्थानीय तहले कर प्रणाली बनाउनुपर्नेमा जोड दिएका हुन् । आईतवार आयोजित एक कार्यक्रममा बोल्दै उनले स्थानीय तहलाई स्रोत व्यवस्थापन आवश्यक भएपनि त्यो प्रभावकारी र न्यायपूर्ण हुनुपर्ने बताए ।

सुकुम्वासी समस्याको विषयमा बोल्दै पराजुलीले विगत ३७ वर्षदेखि आयोग बनाएर कार्यकर्तालाई जग्गा बाँड्ने र भोटको राजनीति गर्ने काम भइरहेको बताए । सुकुम्वासी समस्या समाधान गर्न स्थानीय र संघीय सरकार बीच वास्तविक समन्वय आवश्यक रहेको बताए । 'कृषिमा सहुलियत दिनुको साटो कुखुराको अण्डा, चल्ला र कुखुरा स्वयंमा पनि कर लगाइएको देखियो । यस्तो नीतिले उत्पादनलाई निरुत्साहित गर्छ । साँचो अर्थमा सुकुम्वासी समस्या समाधान गर्न स्थानीय र संघीय सरकार बीच वास्तविक समन्वय चाहिन्छ । अब भोटका लागि भ्रम छर्ने होइन, वास्तविक पीडितलाई न्याय दिने गरी काम अगाडि बढाउनुपर्छ' उनले भने ।

अब भोटका लागि भ्रम छर्ने नभइ वास्तविक पीडितलाई न्याय दिने गरी काम अगाडि बढाउनुपर्ने बताए । रास्वपाले यही ५ वर्षको कार्यकालभित्र सुशासन र समृद्धिको बलियो जग बसाल्ने प्रतिवद्धता उनले जनाए । उपनेता पराजुलीले विगतका राजनीतिक नेतृत्वले व्यवस्था परिवर्तनको ब्याज मात्र खाएको तर अवस्था सुधारमा ध्यान नदिएको आरोप लगाए । पराजुलीले पुराना दलहरूको त्याग र बलिदानको सम्मान भएपनि उनीहरूको कार्यशैलीले युवा पुस्तालाई राजनीतिमा आउन बाध्य पारेको बताए । 'यदि विगत ३७ वर्षमा नेतृत्व सम्हाल्नेहरूले थोरै मात्र पनि जनताको मर्म बुझिदिएको भए यो पुस्ताले आफ्नो पेशा र व्यवसाय छोडेर राजनीतिमा आउनुपर्ने थिएन । हामीले ५ बुँदे करारनामा र १०० बुँदे वाचापत्र लिएर जनतामा गएका थियौँ । १ नम्बर बुँदामै भ्रष्टाचारलाई जरैदेखि निमिट्यान्न पार्ने प्रतिवद्धता थियो, जुन आज पनि हाम्रो मूल मन्त्र हो' उनले भने ।

उनले रास्वपा कुनै लहडमा नभई जनताको अभिमत र सुशासनको स्पष्ट एजेण्डासहित आएको दाबी गरे । उनले अब समृद्ध राष्ट्र निर्माणको अभिलाषा पूरा गर्ने जिम्मा अनुभवले खारिएका अग्रजहरूको सुझाव र नयाँ पुस्ताको जोसको समन्वयबाट सम्भव हुने विश्वास व्यक्त गरे । स्थानीय तहमा हुने राजनीतिक हस्तक्षेप र प्रशासनिक अराजकताको कडा आलोचना गरे । पराजुलीले संघीय सरकारले पठाउने प्रशासकीय प्रमुख कुनै दलको कार्यकर्ता वा झण्डा बोक्ने व्यक्ति हुन नहुने बताए । पराजुलीले विगतमा स्थानीय तहमा आफ्ना दलका सदस्यता लिएका र आफ्ना स्वार्थ पूर्ति गर्ने कर्मचारीलाई मात्र प्रशासकीय प्रमुखका रूपमा स्विकार्ने प्रवृत्तिले भ्रष्टाचार र लुटतन्त्र मौलाएको दाबी गरे ।रासस

# सम्झौता गरेर काम नगर्ने निर्माण व्यवसायीलाई ताकेता




**खोटाङ ।** भौतिक पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरिएका १९ योजनाको काम सुरु गर्न निर्माण व्यवसायीले अटेर गरेका पाइएको छ ।

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट विनियोजन भई ठेक्का सम्झौता गरिएका १९ योजनाका निर्माण कम्पनीले काम सुरु नगरेको पाइएको हो ।

ठेक्का सम्झौता गरेर विभिन्न बहानामा काम सुरु नगरेपछि कार्यालयको तर्फबाट निर्माण व्यवसायीलाई ताकेता गरिएको कार्यालय प्रमुख विमन दाहालले बताउनुभयो । हाम्रो कार्यालयबाट चालु आवमा कुल १२३ योजनाको ठेक्का सम्झौता भएको छ ।

पटकपटक खबरदारी गर्दा पनि निर्माण सुरु नगरेपछि १९ कम्पनीका नाममा अन्तिम सूचना प्रकाशन गरिएको छ, उनले भने, तोकिएको समयमा काम सम्पन्न नगरे नियमअनुसार सम्झौता रकमको आधारमा प्रतिदिन ०.०५ प्रतिशतका दरले जरिवाना तिराउन मिल्ने कानुनी व्यवस्था छ । त्यस अवधिमा पनि काम नभए कार्यसम्पादन जमानत जफत गर्ने, थप लागत र अन्य दायित्व असुलउपर गर्ने तथा कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गरिन्छ ।

पूर्वाधार विकास कार्यालयले यसअघि २६ योजनाको काम सुरु नभएको सूचना प्रकाशन गरेको थियो ।

कार्यालयले पत्राचार गरेपछि सात योजनाका निर्माण व्यवसायीले काम सुरु कार्यालय प्रमुख दाहालले जानकारी दिएका छन् ।

तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माणकार्य सम्पन्न गर्न कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा काम गर्न निर्माण कम्पनीलाई कार्यालयले निर्देशन दिएको छ । कोशी प्रदेश सरकारबाट एकवर्षे र बहुवर्षे योजनाका लागि यस आवमा रु एक अर्ब ९४ लाख ७५ हजार बजेट उपलब्ध भएको छ ।

प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठ योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालयले जनाएको छ ।

काम सुरु नभएका योजनामा कार्यालयबाट व्यवस्थापन हुनुपर्ने बजेट, अग्रिम पेस्की, निर्माणस्थलको स्वामित्व हस्तान्तरण र प्राविधिक सहयोगमा कुनै समस्या नरहेको लेखा प्रमुख सीताराम राउतले जानकारी दिएका छन् ।

दश स्थानीय तह रहेको जिल्लाका लागि १७ योजनामा कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारलाई सिफारिस गरिएको कार्यालयले जनाएको छ । गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत रु दुई करोड लागतमा ६० घर निर्माण भइरहेको बताइएको छ ।रासस

# ९९औँ राष्ट्रिय फोटोपत्रकारिता दिवस सम्पन्न, अन्तर्राष्ट्रिय फोटो सम्मेलन गर्ने घोषणा



**काठमाडौ ।** राष्ट्रिय फोटोपत्रकार समूह नेपालद्वारा आयोजना गरिएको ९९औँ राष्ट्रिय फोटोपत्रकारिता दिवस २०८३ को कार्यक्रम सम्पन्न भएको छ । उक्त अवसरमा संस्थाले प्रकाशन गरेको वार्षिक फोटो क्यालेन्डर विमोचन गरिएको थियो । साथै "पर्यटन प्रवद्र्धनमा फोटोपत्रकारको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । कार्यक्रममा संस्थाका आजीवन सदस्य तथा वन्यजन्तु फोटोग्राफर स्व. चुङ्वा सेर्पाको स्मृतिमा ३ लाख रुपैयाँ राशिको पुरस्कारको अक्षयकोष स्थापना गरिएको छ ।

प्रमुख अतिथि सूचना तथा प्रसारण विभागका महानिर्देशक छविन्द्र पराजुलीले आगामी दिनमा फोटोपत्रकारहरूसँग सहकार्य गर्दै नेपालको फोटो बैंक स्थापना गरिने र यसले फोटोपत्रकारहरूको रोजगारीमा सहयोग पुग्ने साथै पर्यटनको लागि प्रचारप्रसारको माध्ययमनै फोटो भिडियो भएको बताएका छन् । विशिष्ट अतिथि प्रेस काउन्सिल नेपालका सहप्रवक्ता रामसरण बोहराले फोटो कपीराइटको विषयमा बोल्दै फोटोपत्रकारका सिर्जनाहरू अनुमति बिना प्रयोग हुने गुनासो प्रेस काउन्सिलमा आउने गरेको उल्लेख गरेका छन् । काठमाडौं फोटोग्राफर संघका अध्यक्ष आनन्द प्रभाकर घिमिरेले दुई संस्थाबीच भाइचारा सम्बन्ध विस्तार गर्दै सहकार्यमा काम गर्नुपर्नेमा जोड दिएका छन् । पूर्व अध्यक्ष राजभाइ सुवालले एआईको युगअनुसार प्रविधिमैत्री सीप विकासमा ध्यान दिनुपर्ने धारणा राखेका छन् ।

संस्थाका अध्यक्ष प्रदीपराज वन्तले फोटोपत्रकारहरू राज्य तथा सञ्चारगृहबाट समेत पीडित भएको उल्लेख गर्दै जीवन बीमा, स्वास्थ्य बीमा तथा क्यामेरा इन्सुरेन्सको अभावका कारण जोखिम बढी हुने बताएका छन् । साथै उनले अन्तर्राष्ट्रिय स्तरमा सहकार्य विस्तार तथा नेपालको पर्यटन प्रवद्र्धनका लागि विभिन्न देशका १०० जना फोटोपत्रकार तथा फोटोग्राफरलाई सहभागी गराई अन्तर्राष्ट्रिय फोटो सम्मेलन आयोजना गरिने घोषणा गरेका छन् ।

# मुक्तिनाथको शीरमा अनौठो 'विष्णु चुल्हो'



**मुस्ताङ ।** मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–१ मुक्तिनाथ मन्दिरको शिरमा भगवान् विष्णुले भोजन गर्ने ठाउँ अनौठो 'विष्णु चुल्हो' अवस्थित छ । मुक्तिनाथ मन्दिरबाट उत्तर/पूर्वको मनाङ–मुस्ताङ थोरङ फेदीको केही तल चार हजार १०० मिटरको उचाइमा विष्णु चुल्हो छ । पौराणिक कालमा मुक्तिनाथ मन्दिरमाथिको अग्लो विशाल पर्वतमालामा अवस्थित शालिग्राम ढङ्गाजस्तै देखिने विष्णु चुल्होमा भगवान् विष्णुले खाना पकाएर खाने गरेको धार्मिक किवंदन्ती छ । उक्त स्थानमा अरु धेरै ससाना पत्थर रुपी ढुङ्गामा विष्णु चुल्होको आकृतिहरू देख्न सकिन्छ ।

मुक्तिनाथ क्षेत्रको पर्वतमालामा अवस्थित विष्णु चुल्होमा भगवान् विष्णुले तपस्या गर्दा खान पकाएर खाने गरेको धार्मिक जनविश्वास रहेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए । पौराणिक मान्यताअनुसार उक्त विष्णु चुल्हो रहेको स्थानमा बसेर भगवान् विष्णुले तपस्या गरी बसेको भन्ने जनविश्वास रहेको उनले बताए । पौराणिक कालमा विष्णु भगवान् तपस्यामा लीन हुँदा ब्रह्माजीले 'विष्णु चुल्होमा खीर पकाएर विष्णु भगवान् र अन्य देवीदेवताहरुलाई खुवाएको धार्मिक जनविश्वास रहेको व्यवस्थापक भुसालले बताए । उनका अनुसार ब्रह्माजीले विष्णु भगवानलाई खीर पकाएर भोजन गराएको स्थान 'विष्णु चुल्हा' भन्दा केही तल मुक्तिनाथ परिसरको ज्वालामाई रहेको स्थानमा खीर परेको भन्ने भनाइ छ । यसैका कारण ज्वालामाई रहेको माटो सुँघ्दा खिरजस्तो वासना आउने गरेको व्यवस्थापक भुसालले उल्लेख गरे ।

भगवान् विष्णु तपस्या गरी बसेको स्थानमा रहेको विष्णु चुल्हो दुरुस्तै कालो शालिग्राम ढुङ्गामा कुदिएको जस्तो आकृतिको छ । विष्णु चल्हो आकार करिब तीन फिट लम्बाइ र एक फिट चौडाइको छ । चुल्होको उचाइ पनि करिब एक फिटभन्दा बढी रहेको व्यवस्थापक भुसालले जानकारी दिए । 'यो चुल्हो भगवान् विष्णुको शक्तिबाट प्राकृतिक रुपमा उत्पत्ति भएको बताइन्छ । विष्णु चुल्हो ढुङ्गामा खानेकुरा पकाउने ठाउँ, अचार पिस्ने ठाउँ, डाडुपन्यु र दाबिलो आदि राख्ने ठाउँलगायतका विभिन्न आकृत अवलोकन गर्न सकिन्छ', उनले भने ।

हिन्दू शास्त्रमा उक्त स्थानमा अवस्थित विष्णु चुल्होलाई भगवान् विष्णुले तपस्या गर्दा खानेकुरा पकाएर खाने गरेको उल्लेख गरिए पनि बौद्ध मार्गीले उक्त कालो ढुङ्गामा रहेको चुल्हो आकृतिको ढुङ्गालाई फरक ढङ्गले अथ्र्याउने गरेका व्यवस्थापक भुसालले उल्लेख गरे । यहाँका स्थानीय बौद्धमार्गीका अनुसार मुक्तिनाथ मन्दिरको शिरमा रहेको उक्त विष्णु चुल्होलाई स्थानीय भाषामा 'आमा झ्यातङ धोङ्ब' भन्ने गरिन्छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङका अनुसार मुक्तिनाथ पर्वतमालामा अवस्थित विष्णु चुल्होलाई बौद्धमार्गीले 'आमा झ्यातङ धोङ्बु' भन्ने गरेका बताए । गुरु पद्यसम्भवअर्थात् गुरु रिन्पोर्छेले ध्यानसाधना गर्ने बेलामा खाना पकाएर खानका लागि उक्त ढुङ्गालाई चुल्होका रूपमा प्रयोग गरेका भन्ने जनविश्वास रहेको उनको भनाइ छ ।

यसैगरी घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जोमसोमबाट तल्लो क्षेत्रका थकाली समुदायले उक्त स्थानको विष्णु चुल्होलाई स्थानीय भाषामा 'कोदो झ्योदो' भन्ने गरिएको बताए । 'हामी बाल्य अवस्थामा पनि यहाँ आएर चुल्हो हेर्न गरेका थियौँ, साथीभाइलाई पनि 'कोदो झ्योदो' जाउँ भन्ने गर्थ्यौँ', उनले भने । हिन्दू तथा बौद्ध धर्मअनुसार फरकफरक धारणा रहेपनि पवित्र मुक्तिनाथ पर्वतमालामा अवस्थित विष्णु चुल्होलाई व्यवस्थित र आवश्यक प्रचारप्रसार गर्न सकिएमा धार्मिक पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने स्थानीय बताउँछन् । बर्सेनि लाखौंलाख धार्मिक पर्यटक मुक्तिनाथ दर्शन गर्न आउने गरे पनि उक्त विष्णु चुल्होको बारेमा जानकारी नहुँदा उक्त स्थान गुमनामजस्तै बनेको स्थानीयको गुनासो छ ।

मुक्तिनाथ मन्दिरबाट आधा घण्टाको पैदल दूरीमा सहज पुग्न सकिने उक्त स्थानको विष्णु चुल्हो रहेको स्थानमा मन्दिर स्थापना गरिएको छ । मन्दिरभित्र रहेको चुल्होमा कहिलेकाही स्थानीयले दर्शन र पूजा गर्ने गरेका छन् । विष्णु चुल्हो रहेको स्थानमा एक जना साँधुले नियमित पूजाअर्चना गर्दछन् ।रासस

# मानुङकोटलाई पर्यटकीय ग्राम बनाउने लक्ष्य

**तनहुँ ।** व्यास नगरपालिकाले पर्यटकीय गन्तव्यस्थल मानुङकोटमा जग्गा एकीकरण आयोजना सञ्चालनको तयारी गरेको छ । नगरपालिका वडा नम्बर ५ स्थित मानुङकोटलाई व्यवस्थित र दिगो रूपमा विकास गर्ने उद्देश्यले करिब सात सय रोपनी क्षेत्रफलमा जग्गा एकीकरण आयोजना सञ्चालन गर्न लागिएको हो ।

प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले उक्त ठाउँलाई पर्यटकीय ग्रामका रूपमा विकास गर्ने उद्देश्यसहित जग्गा एकीकरण आयोजना सञ्चालनको तयारी गरिएको जानकारी दिए । त्यसका लागि प्रारम्भिक अध्ययनसमेत भइसकेको उनले बताए ।

आयोजनालाई नगरपालिकाको आफ्नै जग्गा एकीकरण आयोजना कार्यान्वयन एकाइमार्फत सञ्चालन गर्ने गरी संस्थागत तयारी भइरहेको लम्सालको भनाइ छ । आयोजनामार्फत मानुङकोटलाई योजनाबद्ध पूर्वाधारसहितको आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने आधार निर्माण हुनेछ,उनले भने,दमौली बजार नजिकै रहेको यो क्षेत्र मौलिक पहिचान र दृश्यात्मक सौन्दर्यका कारण दीर्घकालीन पर्यटन विकासका लागि अत्यन्त सम्भावनायुक्त मानिन्छ ।

आयोजना कार्यान्वयनमा आएपछि सडक, खानेपानी, विद्युत्, पदमार्ग, पार्क तथा अन्य आधारभूत पूर्वाधार योजनाबद्ध रूपमा विकास गरिने नगरपालिकाले जनाएको छ । स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुका साथै व्यवस्थित बसोबासको अवसर बढ्ने, आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुने विश्वास गरिएको छ । यहाँबाट कुहिरो र सूर्योदय देखिने भएकाले पछिल्लो सयम मानुङकोट पर्यटकको आकर्षक गन्तव्यस्थलका रूपमा विकास भइरहेको छ ।

यहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ ।

पछिल्लो समय मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेकाहरू पनि पुनः मानुङकोट फर्केर व्यवसाय गर्न थालेका छन् । सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङकोटसम्म पुग्ने सडक कालोपत्र गरिएको छ । अलैँचेबाट मानुङकोटसम्म चार हजार ३०० मिटर सडक कालोपत्र भएको हो । कालोपत्र गर्न अप्ठ्यारो रहेको १८० मिटर ठाउँमा 'आरसिसी' ढलान गरिएको छ ।रासस

# बाँकेका १२ सामुदायिक वनमा डढेलो

**नेपालगञ्ज ।** बाँकेका दुई चक्ला वनसहित विभिन्न सामुदायिक वनमा डढेलो सुरु भएको छ । वन डढेलोका कारण वन्यजन्तुको वासस्थान सङ्कटमा पर्न थालेको जिल्ला वन डिभिजन कार्यालयले जनाएको छ ।

एक सातायतादेखि सुरु भएको वन डढेलोका कारण करिब चार हजार हेक्टर क्षेत्रफल प्रभावित भएको जिल्लास्थित डिभिजन वन कार्यालयका योजना अधिकृत सुशील सुवेदीले जानकारी दिए ।

उनका अनुसार शम्शेरगञ्ज माथेमा चक्ला वन, भुवरभवानी चक्ला वन, झिँझरी महिला सामुदायिक वन, राप्ती पीडित गुलरी सामुदायिक वनलगायत १२ वटा सामुदायिक वनमा डढेलो लागेको छ ।

डढेलो निभाउने प्रयास जारी रहेको जनाउँदै उनले भित्रभित्र वनमा लागेको डढेलो नियन्त्रणमा आउन नसकेको सुवेदीले उल्लेख गरे । जनशक्ति र स्रोत कम हुँदा समयमा डढेलो नियन्त्रण हुन नसकेको भन्दै उनले सोही कारणले क्षति भइरहेको बताए ।

उनका अनुसार जिल्लामा वन डढेलो नियन्त्रणमा लागि १४ जनाको डढेलो नियन्त्रण दस्ता निर्माण गरिएको छ । अहिले रहेको २००० लिटर क्षमताको ट्याक्टरले राजमार्ग आसपासका क्षेत्रमा मात्रै वन डढेलो निभाउन सकिएको उनले जानकारी दिए ।

डढेलो नियन्त्रणका लागि वनका भित्री भागसम्म जान सक्ने दमकल आवश्यक भएको उल्लेख गर्दै वन कार्यालयका योजना अधिकृत सुवेदीले बढ्दो खडेरीले भित्री क्षेत्रमा डढेलो झन बढेको उल्लेख गरे । 'केही दिनभित्र पानी परेन भने वन डढेलो झनै बढ्ने खतरा छ', उनले भने ।

जिल्लामा ५० हजार हेक्टर वन क्षेत्र रहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । वन डढेलो नियन्त्रण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको उल्लेख गर्दै उनले केही गलत व्यक्ति र आचरणका कारण वनमा डढेलो लागेको बताए ।

यसैबीच सिक्टा नहरमा फसेको चित्तल मारेर खाएको आरोपमा तीन जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरूलाई वन कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । उनका अनुसार अनुसन्धान भइरहेकाले निजहरूको नाम, थर गोप्य राखिएको छ ।

त्यस्तै स्थानीयले नहरमा फसेका चार वटा चित्तलको आज उद्धार गरेका छन् । बढ्दो खडेरीका कारण नहरमा पानी खान पुगेका चित्तल पानी खाँदाखाँदै नहरमा फसेका थिए । हरलाफाँटा सामुदायिक वनका उपभोक्ताले ती चित्तलको उद्धार गरी कार्यालयमा बुझाएका डिभिजन वन कार्यालय बाँकेले जनाएको छ ।रासस

## वीरगंज मुख्य सडक विस्तार कार्यमा अवरोध गर्ने एवं आपत्तिजनक अभिव्यक्ति दिनेलाई कारवाहीको माग



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले मेनरोड (त्रिभुवन राजपथ) विस्तार कार्यमा अवरोध गर्ने तथा नगर प्रमुखविरुद्ध आपत्तिजनक अभिव्यक्ति दिने व्यक्तिहरूलाई कानूनी कारबाही गर्न स्थानीय प्रशासनसँग आग्रह गरेको छ ।

सर्वोच्च अदालतको फैसला कार्यान्वयनअन्तर्गत सडक विभागले राष्ट्रिय मापदण्डअनुसार सडकको दायाँ–बायाँ २५/२५ मिटर क्षेत्रभित्र पर्ने करिब १,२०० घर तथा पसल हटाउने कार्य अघि बढाएको महानगरले जनाएको छ । सोहीअनुसार डोजर प्रयोग गरी संरचना हटाउने काम जारी रहेको छ ।

यसक्रममा प्रभावित जग्गाधनी तथा व्यापारीहरूले प्रदर्शन गर्दै सडक विस्तार कार्यमा अवरोध सिर्जना गर्दै आएका छन् । प्रदर्शनका क्रममा नगर प्रमुख राजेशमान सिंहविरुद्ध लक्षित आलोचना र आपत्तिजनक अभिव्यक्ति दिइएको महानगरको भनाइ छ ।

नगर प्रमुखका स्वकीय सचिव सत्याराज घिमिरेले आइतबार जारी गरेको विज्ञप्तिमा अदालतको फैसला कार्यान्वयनमा बाधा पु¥याउने तथा सामाजिक सद्भाव खल्बल्याउने गतिविधिमा संलग्न व्यक्तिहरूलाई पहिचान गरी कारबाहीको दायरामा ल्याउन माग गरिएको छ ।

विज्ञप्तिमा प्रदर्शनका क्रममा केही व्यक्तिबाट आएका अभिव्यक्तिलाई भ्रामक, तथ्यहीन तथा साम्प्रदायिक भावना भड्काउने किसिमको भन्दै आपत्ति जनाइएको छ । यस्ता अभिव्यक्तिले सामाजिक एकता र सहिष्णुतामा नकारात्मक असर पार्ने महानगरले चेतावनी दिएको छ ।

महानगरका अनुसार उक्त सडक विस्तार संघीय सरकारअन्तर्गतको योजना भए पनि सुरुदेखि नै स्थानीय नेतृत्व यसको पक्षमा रहेको छ । साथै, ऐतिहासिक व्यक्तित्व शंखधर साख्वाको नाममा गरिएको पार्क नामकरणलाई लिएर गरिएको आलोचना पनि अनुचित र आपत्तिजनक रहेको उल्लेख गरिएको छ ।

महानगरले सबै पक्षलाई संयमता अपनाउन, तथ्यमा आधारित अभिव्यक्ति दिन तथा कानूनी शासन र सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको छ ।

## महुवन मठको गुठी जमिनमा डोजरः ५ बिघा बढि अतिक्रमण हटाइयो, ३८० संरचना भत्काइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिका–५ महुवनस्थित पारसनाथ महादेव महुवन मठअन्तर्गत गुठी संस्थानको अतिक्रमित करिब ५ बिघा भन्दा बढि जमिन आइतबार डोजर प्रयोग गरी खाली गराइएको छ । मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयको निर्देशन तथा गाउँपालिकाको सक्रियतामा बिहानैदेखि अभियान सञ्चालन गरिएको हो । मठअन्तर्गत पर्ने कित्ता नम्बर २७६ को करिब ५ बिघा ६ कठ्ठा क्षेत्रफल रहेको पोखरीको डिलसहित गुठीको जमिनमा अवैध रूपमा घर, टहरा र अन्य संरचना निर्माण गरी अतिक्रमण गरिएको थियो ।

गृहमन्त्री फकिरा महतोको प्रत्यक्ष निर्देशनमा सात वटा डोजर प्रयोग गरी अतिक्रमण हटाइएको गाउँपालिका अध्यक्ष जसवन्त यादवले जानकारी दिए । उनका अनुसार अतिक्रमण गरेर बनाइएका करिब ३८० घरटहरा भत्काइएका छन् ।

गुठी संस्थानले यसअघि वैशाख १० गते सूचना जारी गर्दै श्री पारसनाथ महादेव महुवन मठ गुठीअन्तर्गत पर्ने साविक महुवन वडा नं. ५ को किता नं. २७६ मा रहेको पोखरी डिलसहितको ५ विघा १७ धुर क्षेत्रफलमा अनधिकृत रूपमा घर, टहरा लगायतका संरचना निर्माण गरी अतिक्रमण गरिएको उल्लेख गर्दै स्वेच्छाले हटाउन आग्रह गरेको थियो ।

तर अतिक्रमणकारीहरूले संरचना नहटाएपछि आइतबार डोजर लगाएर खाली गराइएको गुठी संस्थान वीरगंजकी प्रमुख उर्मिला अर्चायले जानकारी दिइन् । लामो प्रयासपछि पर्सा जिल्लाकै ऐतिहासिक धरोहरका रूपमा रहेको पारसनाथ पोखरी क्षेत्रलाई अतिक्रमणमुक्त गराउन सफल भएको उनले बताइन् ।

२०८१ माघ ४ गते गाउँपालिकाले पनि सूचना जारी गर्दै तीन दिनभित्र अतिक्रमण हटाउन आग्रह गरेको थियो, अन्यथा कानुनी प्रक्रिया अघि बढाउने चेतावनी पनि दिइएको थियो ।

अन्ततः मन्त्रीस्तरबाट निर्देशन आएपछि सुरक्षाकर्मीको सहयोगमा आइतबारदेखि कडाइका साथ अभियान अघि बढाइएको अध्यक्ष यादवले बताए । यस्तै, महुवन क्षेत्रमा गुठी संस्थानकै थप करिब २९ बिघा अतिक्रमित जमिनसमेत चरणबद्ध रूपमा खाली गराउने प्रक्रिया सुरु गरिएको जनाइएको छ ।

## सडक विस्तारको क्रममा घरमा क्षति संघर्षसमितिद्वारा क्षतिपूर्तिको माग



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको वीरगंजमा सडक विस्तारका क्रममा घर तथा पसलमा क्षति पुगेको भन्दै स्थानीय युवा, व्यापारी तथा घरधनीहरूले क्षतिपूर्तिको माग गरेका छन् ।

'वीरगंज युवा तथा व्यापारी सडक पीडित संघर्ष समिति' र 'वीरगंज बचाऊँ संघर्ष समिति' ले आइतबार वीरगंज उद्योग वाणिज्य संघलाई ज्ञापनपत्र बुझाउँदै अचानक गरिएको डोजर कारबाहीका कारण ठूलो क्षति व्यहोर्नुपरेको जनाएका छन् ।

समितिका अनुसार वैशाख ५ गते अपराह्न सामाजिक सञ्जालमार्फत सूचना सार्वजनिक गरी माइकिङ्ग गरिएको र भोलिपल्ट वैशाख ६ गते बिहान ४ः३० बजेदेखि डोजर सञ्चालन गरिने जानकारी दिइएको थियो । छोटो समयको सूचनाका कारण मुख्य मेनरोड क्षेत्रमा व्यापार गर्दै आएका व्यापारी र घरधनीहरूले आफ्नो सरसामान सुरक्षित स्थानमा सार्न पर्याप्त समय नपाएको उनीहरूको गुनासो छ ।

उक्त कारबाहीका क्रममा घर तथा पसलका सामग्रीहरू नष्ट भएको र ठूलो आर्थिक क्षति भएको समितिले जनाएको छ । क्षतिको यथार्थ मूल्याङ्कन गरी सम्बन्धित निकायसँग समन्वय गरेर पीडितहरूलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन उद्योग वाणिज्य संघमार्फत पहल गरिदिन उनीहरूले अनुरोध गरेका छन् ।

संघर्ष समितिका संयोजक कुन्दन रौनियार र वीरगंज बचाऊँ संघर्ष समितिका संयोजक जवाहर प्रसाद गुप्ताले विकास आवश्यक भए पनि वैकल्पिक उपाय अपनाएर मात्र कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।

'हामी विकास र विस्तार चाहन्छौं, तर विनाश होइन,' उनीहरूले संयुक्त रूपमा बताएका छन् । स्थानीयले सडक विस्तारको क्रममा प्रभावित नागरिक र व्यापारीको अवस्थाबारे सरोकारवाला निकायले गम्भीर ध्यान दिनुपर्ने माग गरेका छन् ।

## गण्डक नहर क्षेत्र अतिक्रमण गरि बनाइएका ३२५ भौतिक संरचनाहरु हटाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा आइतबारदेखि सुरु गरिएको अभियानअन्तर्गत पहिलो दिन गण्डक नहर क्षेत्र अतिक्रमण गरेर बनाइएका ३२५ भौतिक संरचनाहरू हटाइएका छन् । अभियान बिहानैदेखि डोजर प्रयोग गरी सञ्चालन गरिएको हो ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगंजका सूचना अधिकृत इन्जिनियर सुरेश साहका अनुसार पहिलो दिन पर्साका विभिन्न स्थानीय तहमा पर्ने गण्डक नहर क्षेत्रलाई अतिक्रमणमुक्त बनाइएको छ । अभियानमा आइतवार चार वटा डोजर परिचालन गरिएको थियो ।

जगरनाथपुर गाउँपालिकास्थित नेपाल प्रवेश बिन्दुदेखि सखुवा प्रसौनीको महुवनसम्म तथा वीरगञ्जको गण्डक चोकदेखि महुवन चोकसम्मका संरचना हटाइएका हुन् । इन्जिनियर साहका अनुसार महुवन क्षेत्रमा पारसनाथ मठको जग्गा अतिक्रमण गरी बनाइएका करिब ४० घरसमेत भत्काइएको छ ।

उनले पछिल्ला वर्षहरूमा नहर क्षेत्रमा अतिक्रमण तीव्र रूपमा बढ्दै गएपछि अभियान आवश्यक भएको बताए ।यसैविच पर्साको सखुवा प्रसौनी गाउँपालिका–५ महुवनस्थित पारसनाथ महादेव महुवन मठमा पर्ने गुठी संस्थानको अतिक्रमित ५ बिघा जग्गा आइतबार डोजर लगाएर खाली गराइएको छ ।

मधेश प्रदेशको गृह सञ्चार तथा कानून मन्त्रालयको निर्देशन तथा गाँउपालिका कार्यालयको अग्रसरतमा आइतबार बिहानैदेखि ७ वटा डोजर लगाएर अतिक्रमण हटाइएको हो । महुवनको पारसनाथ महादेव महुवन मठको कित्ता नम्बर २७६ को करिब ५ बिघा ६ कठ्ठा क्षेफल रहेको पोखरीको डिल लगायत गुठी संस्थानको जग्गामा जबरजस्ती घर, टहरा लगायतका विभिन्न संरचना निर्माण गरेर अतिक्रमण गरिएको थियो ।

यसअघि २०८१ माघ ४ गाँउपालिका अध्यक्ष यशवन्त यादवले सूचना जारी गर्दै उक्त अतिक्रमण ३ दिनभित्र हटाएर जग्गा खाली गर्न अनुरोध गरेका थिए ।

## आफन्तलाई ठेक्का, कमसल निर्माणः

### चन्द्रपुरमा स्थानीय आक्रोशित

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रपुर नगरपालिका–७ नयाँबस्ती टोलमा सडक तथा नाला निर्माणमा गम्भीर अनियमितता भएको आरोपसँगै स्थानीयवासी आन्दोलित बनेका छन् । निर्माणको सुरुवातदेखि नै गुणस्तरहीन काम भइरहेको भन्दै स्थानीयले विरोध जनाउँदै आएका हुन् ।

स्थानीयका अनुसार सडक डिभिजन कार्यालयमा कार्यरत इन्जिनियर सुरेन्द्र शाहले आफन्तको नाममा कम्पनी दर्ता गरी सोहीमार्फत निर्माण कार्य अघि बढाएको आरोप छ । श्री गायत्री माँ÷एस.के.एस.ए.जे.भी, जनकपुर–१३ धनुषाले १ करोड ८३ लाख ९९ हजार ३ सय ६६ रुपैयाँ ७८ पैसाको ठेक्का लिएर काम सुरु गरेको थियो, जसका सञ्चालक जोगेन्द्र साह ती इन्जिनियरका काका पर्ने बताइएको छ ।

स्थानीय उपेन्द्र यादवका अनुसार सडक ग्रेडिङ नगरी हतारमा ढुंगा हाल्ने, नालामा कमसल सामग्री प्रयोग गर्ने जस्ता कमजोरी देखिएका छन् । गुणस्तरमा गम्भीर प्रश्न उठेपछि स्थानीयले काम रोक्न दबाब दिएका छन् ।

विरोध बढेपछि प्राविधिक टोली घटनास्थल पुगेको थियो, जहाँ केही समय तनावसमेत उत्पन्न भएको बताइएको छ । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा एक प्राविधिकले आफू इन्जिनियर भएको भन्दै काममा अवरोध नगर्न चेतावनी दिएको दृश्यले झनै विवाद चर्किएको छ ।

ठेक्का नम्बर आरडिसिएनपी/३३८०११६९ ४/०८२/८३–१० अन्तर्गत २०८२ मंसिर ८ गते सम्झौता भई २०८३ असार २० सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । तर हतारमा गरिएको कमजोर निर्माणले राज्यको ठूलो रकम नोक्सान हुने र दीर्घकालीन सास्ती व्यहोर्नुपर्ने स्थानीय देवेन्द्र यादवको भनाइ छ ।

स्थानीयले सरकारी कर्मचारीकै संलग्नतामा निर्माण कार्य भइरहेको आशंका गर्दै पारदर्शिता र गुणस्तर सुनिश्चित गर्न माग गरेका छन् । घटनाको निष्पक्ष छानबिन गरी गुणस्तरहीन काम तत्काल रोक्न सम्बन्धित निकायसँग उनीहरूको जोडदार माग छ ।

## रुपन्देहीमा विशेष स्वीप अपरेसनः २ घण्टामै १०३ जना नियन्त्रणमा

**मधेशदृष्टि**
**रुपन्देही ।**
शान्ति–सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने उद्देश्यले रुपन्देही प्रहरीले सञ्चालन गरेको विशेष अपरेसनका क्रममा १०३ जनालाई नियन्त्रणमा लिइएको छ । प्रहरीले दुई घण्टाको छोटो अवधिमा व्यापक चेकजाँच गर्दै उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार शनिबार साँझ ७ बजेदेखि राति ९ बजेसम्म जिल्ला प्रहरी कार्यालय तथा मातहतका इकाइहरूबाट संयुक्त रूपमा 'स्वीप अपरेसन' सञ्चालन गरिएको थियो ।

सोही क्रममा जिल्लाका विभिन्न स्थानमा गरिएको चेकजाँचका आधारमा १०३ जनालाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक (डीएसपी) गणेश सापकोटाले जानकारी दिए ।

प्रहरीका अनुसार नियन्त्रणमा लिइएकाहरूको पृष्ठभूमि तथा सम्भावित आपराधिक गतिविधिबारे थप अनुसन्धान भइरहेको छ । शान्ति–सुरक्षामा असर पार्ने गतिविधि रोक्न र निगरानीलाई कडाइ गर्न नियमित तथा आकस्मिक अपरेसनलाई निरन्तरता दिइने पनि प्रहरीले जनाएको छ ।

## देशभर लागुऔषधविरुद्ध कारबाही, ४१ जना प्रहरीको नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
देशका विभिन्न स्थानमा सञ्चालन गरिएको नियमित गस्ती तथा विशेष निगरानी अभियानका क्रममा प्रहरीले लागुऔषधसहित ४१ जनालाई पक्राउ गरेको छ । पक्राउ परेकामध्ये ट्रामाडोल, खैरो हेरोइन तथा नाइट्राजेपामजस्ता प्रतिबन्धित औषधि र लागुऔषधहरू ठूलो मात्रामा बरामद गरिएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ महानगरपालिका–३२ जडीबुटीबाट चिकित्सकको सिफारिसमा मात्र बिक्री हुने १३० थान ट्रामाडोल ट्याब्लेट र ६८ हजार २०० रुपैयाँ नगदसहित एक किशोरलाई पक्राउ गरिएको छ । त्यस्तै, कैलालीको टीकापुर नगरपालिका–१ बाट एक, घोडाघोडी नगरपालिका–१० पहलमानपुरबाट दुई, सुर्खेतको वीरेन्द्रनगर–८ सिम्ताली चोकबाट दुई, कपिलवस्तुको बुद्धभूमि–९ बाट एक, सुनसरीको इनरुवा–४ बसचोकबाट दुई र दाङ घोराही–१५ भानुचोकबाट दुई जनालाई खैरो हेरोइनसहित नियन्त्रणमा लिइएको छ । उनीहरूको साथबाट नगद र लागुऔषध तौल गर्न प्रयोग हुने तराजु पनि बरामद गरिएको प्रहरीले जनाएको छ ।

काठमाडौँकै सुकेधाराबाट एक जना खैरो हेरोइनसहित पक्राउ परेका छन् भने बल्खुचोकबाट दुई जनालाई ९९८ थान ट्रामाडोल ट्याब्लेट र १६ हजार ५०० रुपैयाँ नगदसहित पक्राउ गरिएको छ । यस्तै, इलामको सूर्योदय–११ कालापानीबाट दुई, झापाको भद्रपुर–५ बाट नौ, शिवसताक्षी–१ बाट दुई, कञ्चनपुरको वेदकोट–८ बाट दुई, भिमदत्त–११ गड्डाचौकीबाट दुई, रुपन्देहीको बुटवल–१५ गोब्रैयाबाट दुई र सैनामैना–५ बुद्धनगरबाट एक जनालाई पक्राउ गरिएको छ ।

यसैगरी, विराटनगर–१५ बाट एक, रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका–२ बिसौनीबाट एक, दाङ घोराही–५ शीतलपुरबाट एक, बर्दियाको बढैयाताल–६ रानीपुरबाट चार, पोखरा–५ प्रस्याङबाट दुई तथा धनुषाको गणेशमान चारनाथ नगरपालिका–२ राधापुरबाट एक जनालाई नियन्त्रणमा लिइएको छ । राधापुरबाट पक्राउ परेकासँग २५० थान नाइट्राजेपाम ट्याब्लेट बरामद भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सबै पक्राउ परेकामाथि लागुऔषध सम्बन्धी मुद्दामा थप अनुसन्धान अघि बढाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन